भेरी नगरपालिका वार्ड नं ६
जाजरकोट

बस्तुगत विवरण
२०७५/२०७६

तयार गर्ने

भेरी नगरपालिका वार्ड नं ६

जाजरकोट

भेरी नगरपालिकका वार्ड नं ६

जाजरकोट



निर्वाचित जनप्रतिनिधिहरुको विवरण



रामकुमारी सिंह
वार्ड सदस्य



मोती लोहार
वार्ड सदस्य



शसिराम वुढा
वार्ड अध्यक्ष



हरीश कु शाही
वार्ड सदस्य



हरी व खड्का
वार्ड सदस्य

भेरी नगरपालिका

वडा समितिको कार्यालय

वार्ड नं ६ जाजरकोट

कर्णाली प्रदेश नेपाल

शुभकामना

जाजरकोट जिल्ला अन्तरगत भेरी नगरपालिकावार्ड नं ६ को वस्तुगत विवरण तयार पार्ने महत्वपूर्ण जिम्मेवारी पाउनुभएकोमा श्री वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रा लि काठमाडौलाई बधाई दिन चाहान्छु । आफुले पाएको जिम्मेवारी इमान्दारीताका साथ निर्वाह गर्नु भएको छ भन्ने विश्वास लिएको छु ।

नाम बाट नै स्वतः प्रष्ट छ कि वस्तुगत विवरण तयार गर्नु भन्नाले कुनै पनि भुगोलको आर्थिक¸सामाजिक¸ साँस्कृतिक¸राजनितिक¸प्रशासनिक¸भौगोलिक तथा वातावरणीय आयामका विभिन्न सुचकहरुको आधारमा तथ्य एवम तथ्याङ्क संकलन र सो को विश्लेषण समेतलाई वुझाउछ । त्यस्तो वस्तुगत विवरण ले सम्बन्धीत भूगोलको यथार्थ धरातललाई चित्रण गरेको हुन्छ ।विकास निर्माण योजना तर्जुमा गर्न¸आवधिक योजना तर्जुमा गर्न¸क्षेत्रगत रणनीतिहरु तयार गर्न तथा समग्र विकास र समृद्धिका अल्पकालिन तथा दीर्घकालिन रणनीति तय गर्न वस्तुगत विवरण सहयोग सिद्ध हुन्छ र त्यस्ता योजना तथा रणनीतिहरु यथार्थ वस्तुपरक र कार्यान्वयन गर्न योग्य हुन्छन । विगत लामो समय सम्म राज्य जनप्रतिनिधिविहिन अवस्थामा गुज्रेको अवस्था र राज्यको नयाँ संरचना अनुरुपको निर्वाचन भई जनप्रतिनिधिले पद वहाली गरेको पनि करीव १८ महिना पछि वस्तुगत विवरण तयार भएको छ । यस सन्दर्भमा प्रस्तुत वस्तुगत विवरणले भेरी नगरपालिकावार्ड नं ६को प्रारम्भिक अवस्थालाई तथ्याङ्क मार्फत जनसमक्ष ल्याउने कार्य गरेको छ ।जनप्रतिनिधिहरुलाई वार्ड नं ६को वस्तुगत अवस्थाको जानकारी समेत गराएको छ ।

प्रस्तुत वस्तुगत विवरणले भेरी नगरपालिकावार्ड नं ६को वास्तविक धरातलमा आधारित हुने गरि वार्षिक तथा आवधिक योजना तर्जुमा मार्फत विकास र समृद्धिको सपना पुरा गर्न सहयोग पुर्याउन सकोस भन्ने शुभेच्छा प्रकट गर्न चाहान्छु ।

शसिराम बुढा

वार्ड अध्यक्ष

शुभकामना

देश संघीय शसन व्यवस्था मार्फत संचालन हुन थालेपछि गठित स्थानीय तहहरु नयाँ भुगोल र संरचनामा आएको हुनाले यसको वर्तमान वस्तुगत अवस्थाको यथार्थ चित्रण गर्नु आवश्यक थियो । यहि आवश्यकता परिपुर्तिकालागि भेरी नगरपालिका वार्ड नं ६ कोप्रथम पटक तयार हुन लागेको वस्तुगत विवरण यहाँको यथार्थतालाई तथ्याङ्क मार्फत उजागर गर्नेछ भन्ने विश्वास लिएको छु ।

वस्तुगत विवरण तयार गर्नु भनेको विकास योजना तर्जुमा तथा वार्षिक वजेट तर्जुमाको पुर्व आधार तयार गर्नु हो ।तथ्य र तथ्याङ्कमा आधारित भई निर्माण हुने भावी योजना कार्यान्वयनयोग्य र नतिजामुखी हुने कुरामा दुईमत छैन । यस भेरी नगरपालिकावार्ड नं ६मा जनप्रतिनिधिहरु वहाल भएपश्चात संचालित कार्यक्रम तथा वजेटलाई वस्तुगत विवरणमा आधारिति वनाउन नसकिएता पनि अव उप्रान्त प्रस्तुत हुने नीति कार्यक्रम तथा वजेटलाई तथ्य र तथ्याङ्कमा आधारित वनाउन यस वस्तुगत विवरणले सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएको छु ।

भेरी नगरपालिकावार्ड नं ६को समग्र भूगोललाई समेटी यस भित्रका विविध आयामहरुलाई सुचकको माद्यमबाट तथ्याङ्क संकलन हुने हुदा क्षेत्रगत योजनाहरु निर्माण गर्न सहज हुनेछ । समाज र समुदाय स्तर सम्म पुगी विकासका प्राथमिकता निर्धारण गर्न यो वस्तुगत विवरण गतिलो हतियार बन्न सक्छ । वार्ड नं ६ भित्रको भुगोल¸वर्ग क्षेत्र र समुदायको आवश्यकता पहिचान गरि सोही अनुरुप नीति कार्यक्रम तथा वजेट तर्जुमा गर्न यसले सहयोग पुर्याउनेछ ।समग्र वार्ड नं ६को सन्तुलित विकासकालागि पनि वस्तुगत विवरण उपयोगी हुन सकोस भन्ने शुभेच्छा व्यक्त गर्न चाहान्छु ।

धनवहादुर खत्री
वार्ड सचिव

मु.अ. कर द.नं:६०४३६९२२६ कम्पनी रजिष्टारको कार्यालय द.नं: १६०२४५-०७३-०७४

वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट प्रा.लि.

काठमाडौ

स्था: २०७३

दुइ शव्द

मुलुकलाई समृद्ध वनाउन हरेक स्थानीय सरकारहरु समृद्ध हुनु जरुरी हुन्छ । जसको लागि अत्यन्तै वस्तुपरक योजनाहरु निर्माण गरि तिनिहरुको प्रभावकारी कार्यान्वयन नै मुख्य उपाय हो । भनिन्छ एउटा मुलुकलाई समृद्ध वनाउन उत्कृष्ट योजनाहरुको निर्माण गर्न जरुरी हुन्छ र त्यो उत्कृष्ट योजना मुलुकको लागि आधा काम सम्पन्न गर्नु सरह हुन्छ ।

कुनै क्षेत्रको विकास गर्न सरल तरिकाले वाटो तय गर्नु जरुरी हुन्छ, जस्को निम्ती सरल ढंगले उपायको खोजी गर्नु पर्दछ । ऐले हामी कहाँ छौ ? अव कहाँ जाने ? र त्यो कसरी सम्भव छ ? यी तीन प्रश्नहरुको सरल जवाफ नै मुलुक वा समाज परिवर्तन गर्ने अचुक र सरल उपाय हुन्छन् । पहिलो प्रश्नको जवाफ वस्तुगत विवरण मार्फत प्राप्त गरिन्छ भने दोश्रो र तेश्रो प्रश्नको जवाफ आवधिक विकास योजना वा गुरु योजना मार्फत प्राप्त गरिन्छ ।

पार्श्वचित्र वा वस्तुगत विवरणहरुको संगालो एउटा यस्तो ऐना हो जुन ऐनावाट स्थानीय निकायको सम्पुर्ण विवरणहरु र्छलङ्ग रुपमा सहज अवलोकन गर्न सकिन्छ । यसै सन्दर्भमा भेरी नगरपालिका वार्ड नं ६ ले आफ्नो पार्श्व चित्र (वस्तुगत विवरण) वनाउनको लागि परामर्शदाता संस्थाको रुपमा वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रालि, काठमाडौ लाई छनौट गरि यो पार्श्व चित्र निर्माण गर्ने जुन अवसर प्रदान गर्नु भयो त्यसको लागि भेरी नगरपालिका वार्ड नं ६ का सम्पुर्ण पदाधिकारीहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो पार्श्व चित्र निर्माण कार्य त्यति सहज छैन । यस कार्यलाई अत्यन्तै सत्य तथ्य परक वनाउन भर मग्धुर प्रयास गरिएको छ । यसलाइ सम्पन्न गर्न विभिन्न क्षेत्रवाट सवैको साथ सहयोग प्राप्त भएको छ । यो पार्श्व चित्र निर्माणमा तथ्यांक विश्लेषण विज्ञको रुपमा कार्य गर्नु हुने श्री केशवराज ढुंगेललाइ विशेष धन्यवाद ज्ञापन गर्दछु । यो प्रोफाइल तयार गर्न समन्वय कर्ताको रुपमा कार्य गर्नु हुने प्रा.लि.का कार्यक्रम अधिकृत श्री तुलसिंह अधिकारी, तथ्यांक संकलकको रुपमा जिम्मा लिई हरेक वस्तीका घर घर पुगि तथ्यांक संकलन गर्नु हुने तथ्यांक संकलक धन बहादुर घर्तीलाइ पनि विशेष धन्यवाद दिन चाहन्छु ।

वस्तुगत विवरण तयार गरेर मात्र पुग्दैन । यो वस्तुगत विवरणको आधारमा सहि विश्लेषण गरेर सहि योजनाहरु निर्माण गरि त्यसको सहि र प्रभावकारी कार्यान्वयनवाट मात्र भेरी नगरपालिका वार्ड नं ६ ले सोचे अनुसारको प्रतिफल प्राप्त गर्न सक्दछ । यो वस्तुगत विवरणमा प्राप्त सुचना र तथ्यांकहरुको सहयोगमा नगरपालिकाले आवधिक तथा गुरुयोजना निर्माण गरेर अघि वढ्नु अबको आवश्यकता हो । नगरपालिकाको ध्यान त्यता तर्फ जानेछ भन्दै र्सवाङ्गीण र चौतर्फी विकासको लागि शुभकामाना समेत व्यक्त गर्न चाहान्छु ।

१५ मंसीर २०७५ .

गंगा वहादुर शाही
प्रवन्ध निर्देशक

प्रकाशकीय

नेपालको संविधान २०७२ ले कल्पना गरे अनुसार स्थानीय निकाय पुनरसंरचना गर्दै अधिकार सम्पन्न स्थानीय तह तयारीको कार्य अगाडी बढिरहेको छ । जस अनुसार जाजरकोट जिल्लामा साविकमा कायम रहेका १ नगरपालिका र २६ गाउँ विकास समितिलाई पुनरसंरचना मार्फत हाल ३ नगरपालिका र ४ गाउँपालिका एकाई कायम गरिएको छ । नयाँ भौगोलिक संरचना अनुसार साविकमा गाविस अर्न्तगतका भौगालिक अवस्थिति लगायत जनसंख्या, आर्थिक, सामाजिक, प्राकृतिक श्रोत र साधनहरु समेतको अवस्थामा परिवर्तन भएको छ।
अधिकार निक्षेपणका हिसावले यसरी नयाँ कायम भएका स्थानीय तह नै स्थानीय सरकार बनेका छन् । स्थानीय तहको चुनाव समेत सम्पन्न भई नया जन प्रतिनिधिहरुले कार्यभार संम्हाली सकेको पनि १८ महिना भन्दा वढि भइसकेकोछ। करीव १५ वर्ष पछि स्थानीय तहमा आएका जनप्रतिनिधिहरुलाई नया जोस जाँगर सहित चुनाव ताका गरिएका प्रतिवद्धता पुरा गराउनको लागि हालको वर्तमान यथार्थता भित्र रहेर नयाँ योजनाहरु निर्माण गरि संघीयता कार्यान्वयमा जोड दिनु पर्ने अवस्था रहेको छ। यद्यपी नयाँ संरचनाका स्थानीय निकायहरुमा भरपर्दो, आधिकारिक र पर्याप्त सूचनाहरुको आवश्यकता तथा तथ्याङ्‌ कहरुको अभिलेख उपलब्ध हुन सकिरहेको थिएन। राष्ट्रिय जनगणना २०६८ सालको विवरण हाल धेरै परिवर्तन भएको छ। त्यसैले सवै विवरणहरु प्राथमिक रुपमा नै संकलन गरेर ताजा अवस्थाको यथार्थ चित्र प्रस्तु गर्न यो भेरी नगरपालिका वार्ड नं ६ को वस्तुगत विवरण तयार गरिएको छ।
नेपाल सरकार तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७४/०१/२६ मा सवै स्थानीय तहहरुले आ आफ्नो क्षेत्रका वस्तुगत विवरण तोकिएको ढाँचामा तयार गरी वेभ साईडमा राख्न निर्देशन प्राप्त भएको छ। सो आधारमा उपलब्ध सवै सूचना तथा जानकारीहरुको आधारमा परामर्शदाता संस्था **वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रा लि** को सहयोगमा यो वस्तुगत विवरण तयार गरिएको छ।
निर्धारित समय भित्र यो भेरी नगरपालिका वार्ड नं ६ को पार्श्व चित्र तयारी गर्न सहयोग गर्नुहुने वार्ड नं ६ का सम्पुर्ण कर्मचारीहरु विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु¸सुचना उपलव्ध गराउनुहुने विभिन्न विषयगत कार्यालयहरु¸प्राथमिक तथ्याङ्क संलकन गर्ने गणकहरु¸सुचना विश्लेषण गरि निश्कर्ष निकाल्ने विश्लेषकहरु लगायत परियोजना संचालन गर्ने परामर्शदाता वेस्टर्न नेपाल लोकल डेभलपमेन्ट एसोसिएट्स प्रालि काठमाडौ प्रति हार्दिक आधार व्यक्त गर्दछौ साथै भेरी नगरपालिका वार्ड नं ६ निवासी सम्पुर्ण दाजुभाई दिदि वहिनिहरुले यसको समुचित प्रयोगमा सहयोग गर्नु हुनेछ भन्ने विश्वास सहित सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ।

भेरी नगरपालिका
वार्ड नं ६

वस्तुगत विवरण किन ?

विकास निर्माणका कार्यहरुका निर्दिष्ट लक्ष्य, उद्देश्य र अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि योजनावद्ध तरिकाले अगाडि बढ्नु पर्ने कुरामा राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय लगायत जुनसुकै स्तरमा कसैको पनि दुईमत छैन । स्थानीय योजना तयारीको लागि आधारभूत खम्बाको रुपमा सम्बन्धित क्षेत्रको विस्तृत वस्तुगत सुचनाहरुको आवश्यकता जरुरी हुन्छ। तिनै वस्तुगत विवरणका सूचकाङ्कले संकेत गरेअनुसार स्थानीय निकाय तथा स्थानीय सरकार अगाडी बढ्न सके त्यसबाट प्राप्त प्रतिफल दिगो र प्रभावकारी हुन्छ । यसले स्थानीय निकायमा सुशासन प्रवर्द्धनमा समेत सहयोग पुग्नेछ । यसका लागि शुरु देखि अन्त्य सम्म स्थानीय जनसहभागिता जुट्न सक्ने पारदर्शी र दिगो विकास प्रकृयाहरुको आवश्यक्ता टड्कारो रुपमा देखिएको छ । नेपालको सन्दर्भमा लोकतन्त्रको स्थापनासँग नेपालको संविधान २०७२ ले स्थानीय जनतालाई शासन सञ्चालनमा प्रत्यक्ष र नजिकको हक स्थापना गर्दै राज्यको पुनरसंरचनाको व्यबस्था गरेको छ । जसअनुसार प्रान्तीय संरचनामा साविकको स्थानीय निकायको रुपमा रहेका गाउँविकास समितिहरुको सिमांकनमा हेरफेर गरी नयाँ संरचनामा स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न स्थानीय सरकारको अवधारणा अगाडी ल्याएको छ। यस अवस्थामा नँया घोषणा भएका स्थानीय निकायको प्रशासनिक व्यबस्थापन सहज पार्दै बस्तुनिष्ठ योजना तयारीका लागि घरधुरी स्तरको तथ्याङ्क र सूचनाहरु अद्यावधिक भई नसकेकोले सोही खाडल पुर्ति गर्ने उद्देश्यले आवश्यक प्राथमिक र द्बितिय स्तरका सूचनाहरु संकलन गरी त्यसैको आधारमा यो भेरी नगरपालिका वार्ड नं ६ को वस्तुगत विवरण तयार गरिएको छ।

यो वस्तुगत विवरणमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४ वैशाख २६ गतेको परिपत्र अनुसारको ढाँचामा रहेर सार्न्दभिक सवै तालिकाहरुलाई अधिकंतम तालमेल मिलाउने प्रयास गरिएको छ।वस्तुगत विवरण तयारीको लागि सवै वस्तीमा रहेका समग्र सुचना तथा सामाजिक, आर्थिक लगायत अन्य क्षेत्रको बस्तुगत अवस्थाबारे जानकारी आवश्यक पर्ने भएकोले वस्ती स्तरमा वस्तुगत अवस्थालाई संकलन गरी विश्लेषण गरिएको छ । वस्तुगत अवस्थाले संकेत गरेका सुचकाङ्कका आधारमा आगामी स्थानीय स्तरका योजनाहरु प्रस्ताव गर्न सहज हुनेछ ।

यो भेरी नगरपालिका वार्ड नं ६ को वस्तुतगत विवरण तयारीका उदेश्यहरु निम्नानुसार रहेका छनः

- विकास प्रकृयाको लागि महत्वपुर्ण तीन प्रश्नहरु "ऐले म कहाँ छु ?" "अव म कहाँ जाने ?" र "त्यो कसरी संभव छ ?" मध्ये पहिलो प्रश्नको वास्तविक जवाफ खोज्ने।
- भेरी नगरपालिका वार्ड नं ६¸जाजरकोटको सवै घरधुरीमा पुगी आर्थिक¸ सामाजिक¸ भौतिक¸प्राकृतिक र मानवीय सम्पत्तीको लेखाजोखा गर्ने।
- भेरी नगरपालिका वार्ड नं ६ को वर्तमान यथार्थतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने।
- योजना तर्जुमा वजेट वाँडफाडका लागी आधार तयार गर्ने।
- संभावना भएजति सवै सुचनाको जातीय लिङ्गीय र क्षेत्रीय हिसावले विश्लेषण गर्ने।
- हरेक तथ्याङ्कको समाजशास्त्रीय¸ग्रामिण विकास र लैङ्गिक सामाजिक हिसावले विश्लेषण गर्ने।
- वडाको योजना तर्जुमा प्रकृयमा आवश्यक पर्ने सवै सुचनाहरु वडा स्तरमा नै अद्यावधिक गर्ने।

विषय सुची

१. परिचय........ १

१.१ऐतिहासिकपृष्ठभूमी तथा सिमाना........ १

२. स्थानीयचार्डपर्वतथाजात्रामेलाहरुकोविवरण........ १

३. पर्यटकीय स्थलहरुको विवरण........ १

४.सामुदायिक वनको विवरण........ ३

५.जनसंख्या वितरणको अवस्था........ ३

५.१. वस्ती अनुसार घरधुरी तथा जनसंख्याको विवरण........ ३

५.२. उमेरका आधारमा जनसंख्याको विवरण........ ४

५.३. मातृभाषाका आधारमा जनसंख्याको विवरण........ ४

५.४. धर्मका आधारमा जनसंख्याको विवरण........ ४

५.५. जातका आधारमा घरधुरीको विवरण........ ५

५.६. जातका आधारमा जनसंख्याको विवरण........ ६

५.७. थरका आधारमा घरधुरी तथा जनसंख्याको विवरण........ ६

५.८. जातीय तथा लिङ्गीय आधारमा घरमुलीको विवरण........ ११

५.९.अपाङ्गता सम्बन्धी विवरण........ ११

५.१०.घरको छानो तथा गारो सम्बन्धी विवरण........ १२

५.११.घर सम्म पुग्ने वाटो सम्बन्धी विवरण........ १३

५.१२.स्वामित्वका आधारमा घरधुरीको विवरण........ १३

५.१३. एकल जनसंख्याको विवरण........ १४

५.१४. पेशाका आधारमा जनसंख्याको विवरण........ १४

५.१५. विशेष सीपयुक्त जनसंख्याको विवरण........ १६

५.१६. वैदेशिक रोजगार सम्बन्धी विवरण........ १६

५.१७. चर्पी उपयोग सम्बन्धी विवरण १७

५.१८. परिवार नियोजन सम्बन्धी विवरण..१७

५.१९.दीर्घरोगी सम्बन्धी विवरण १८

५.२०. खानेपानीको श्रोत सम्बन्धी विवरण १८

५.२०.१. खानेपानीको मुख्य श्रोत सम्बन्धी विवरण.. १८

५.२०.२. खानेपानीको सहायक श्रोत सम्बन्धी विवरण.. १९

५.२१. खाना पकाउने चुल्हो सम्बन्धी विवरण १९

५.२२. खाना पकाउने इन्धन सम्बन्धी विवरण.. २०

५.२३. उज्यालोको लागि वत्ती प्रयोग सम्बन्धी विवरण २०

५.२४. सेवासुविधा उपलव्धता सम्बन्धी विवरण २०

५.२५. सेवासुविधा उपयोग सम्बन्धी विवरण.. २१

५.२६. जीविकोपार्जन सम्बन्धी विवरण..२२

५.२६.१. वैदेशिक रोजगार विना जीविकोपार्जन सम्बन्धी विवरण..२२

५.२६.२. वैदेशिक रोजगार सहित जीविकोपार्जन सम्बन्धी विवरण.. २४

६. घरजग्गामा महिलाको स्वामित्व सम्बन्धी विवरण २७

७. परिवारको स्वामित्वमा रहेको जग्गा सम्बन्धी विवरण २७

८.सिंचाई सुविधा उपलव्धता सम्बन्धी विवरण २८

९. घरपालुवा पशुपंक्षी सम्बन्धी विवरण.. २९

१०.आर्थिक सम्पन्नता सम्बन्धी विवरण २९

११. शिक्षा सम्बन्धी विवरण.. ३१

११.१.स्कुल नगएका र विचैमा कक्षा छोडेका वालवालिकाको विवरण ३२

११.२.निराक्षर जनसंख्या सम्बन्धी विवरण..३२

११.३.साक्षरता दर सम्बन्धी विवरण ३२
१२. वार्षिक आम्दानि सम्बन्धी विवरण ३३
१३. वार्षिक उत्पादन सम्बन्धी विवरण ३५
१४. वार्षिक उत्पादनको खपत सम्बन्धी विवरण ३५
१५. वार्षिक खर्च सम्बन्धी विवरण ३६
१६. विरामी हुदा पहिलो उपचार सम्बन्धी विवरण ३७
१७. प्राकृतिक प्रकोप सम्बन्धी विवरण ३८
१८. नजिकको स्वास्थ्य संस्था पुग्न लाग्ने समय सम्बन्धी विवरण ३८
१९. नजिकको प्रहरी चौकी पुग्न लाग्ने समय सम्बन्धी विवरण ३९
२०. नजिकको बैक पुग्न लाग्ने समय सम्बन्धी विवरण ३९
२१. नजिकको बजार पुग्न लाग्ने समय सम्बन्धी विवरण ४०
२२. कुपोषण लागेका वालवालिका सम्बन्धी विवरण ४०
२३. अकाल मृत्यु सम्बन्धी विवरण ४१
२४. फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण ४१
२५. सामुदायिक संगठनमा आवद्धता सम्बन्धी विवरण ४१
२६. वातावरण तथा सरसफाई सम्बन्धी विवरण ४२
२७. बैक तथा वित्तीय सम्बन्धी विवरण ४३
२८. धार्मिक स्थल सम्बन्धी विवरण ४३
२९. विद्यालय ४४
२९.१. विद्यालयको संख्यात्मक विवरण ४४
२९.२.विद्यालयमा शौचालय सम्बन्धी विवरण ४४
२९.३.तहगत शिक्षक सम्बन्धी विवरण ४४

२९.४. शिक्षक तथा विद्यार्थी अनुपात सम्बन्धी विवरण ४५

३०. सडक सञ्जाल सम्बन्धी विवरण ४५

३१. व्यापारिक केन्द्र सम्बन्धी विवरण ४६

३२. खेल मैदान सम्बन्धी विवरण ४७

३३. वालवालिका सम्बन्धी विवरण ४७

३३.१.पार्क तथा वालउद्यान सम्बन्धी विवरण ४७

३३.२. बाल क्लव सम्बन्धी विवरण ४७

३३.३. बाल क्लव तथा वाल समुहले प्रतिनिधित्व गरेका संघ संस्थाको विवरण ४७

३३.४. कामदारको रुपमा घरबाट वाहिर गएका वालवालिकाको विवरण ४८

३३.५. १८ वर्ष भन्दा कम उमेरमा विवाह गरेका वालवालिकाको विवरण ४८

३३.६. परिवार विहिन वालवालिकाको विवरण ४९

३४. महिला हिंसा सम्बन्धी विवरण ४९

३५. सरकारी कार्यालय सम्बन्धी विवरण ५०

३६. पुल पुलेसा सम्बन्धीविवरण ५०

३७. व्यापार व्यवसाय सम्बन्धी विवरण ५०

३८. हवाई सेवा सम्बन्धी विवरण 52

३९. पशुवधशाला सम्बन्धी विवरण ५२

४०.शव दाह संस्कार सम्बन्धी विवरण ५३

४१.व्यवसायिक पकेटक्षेत्र सम्बन्धी विवरण ५३

४२. होटल सम्बन्धी विवरण ५३

४३. सुरक्षा निकाय सम्बन्धी विवरण ५४

४४. वन्य जन्तु तथा चराचुरङ्गी   सम्बन्धी विवरण ५४

४५. रुख तथा जडिवुटी सम्बन्धी विवरण ५५
४६. भु संवेदनशिल क्षेत्र सम्बन्धी विवरण........ ५६
४७.जल सम्पदा सम्बन्धी विवरण 57
४८. वाली प्रणाली सम्बन्धी विवरण........५७
४९. स्वास्थ्य संस्था सम्बन्धी विवरण ५८
५०. रेडियो स्टेसन सम्बन्धी विवरण........ ५८
५१. गैह्र सरकारी संस्था सम्बन्धी विवरण........ ५८
५२. सार्वजानिक शौचालय सम्बन्धी विवरण........ ५८
५३. राजनैतिक दल सम्बन्धी विवरण ५९
५४. वडामा कार्यरत कर्मचारीहरुको विवरण ५९
५५. वडाका निर्वाचित जनप्रतिनिधिहरुको विवरण........ ५९
५६. समग्र अवस्था र निष्कर्ष........ ६०

१. परिचय

१.१ऐतिहासिक पृष्ठभूमी तथा सिमाना

भेरी नगरपालिका जाजरकोट जिल्लाको सदरमुकाम हो । यो नगरपालिकाको नाम यसै नगरपालिकालाई फन्को लगाएर वग्ने हीम नदी "भेरी"को नामबाट राखिएको हो । यो नगरपालिका साविकको भेरी मालिका नगरपालिकाको रुपान्तरीत स्वरुप हो । यो नगरपालिकाको कुल क्षेत्रफल २१९.७८ वर्ग किलोमिटर रहेकोछ । यो नगरपालिकामा जम्मा १३ वटा वडाहरु रहेकाछन । क्षेत्रफलका आधारमा हेर्दा यो नगरपालिकामा ३.१६ वर्ग किमि देखि ४८.२३ वर्ग किमि सम्म क्षेत्रफल भएका वार्डहरु रहेकाछन । यी वार्ड मध्ये ६ नं चाहि क्षेत्रफलका हिसावले यो नगरपालिकाको चौथो ठुलो वार्ड हो । जसको क्षेत्रफल १६.८२ वर्ग किमि रहेको छ । यो वार्डको पुर्वमा भेरी नगरपालिकाकै २ र ४ नं वार्ड तथा रुकुम जिल्ला पर्दछ भने पश्चिममा वार्ड नं ७ पर्दछ । त्यसै गरी उत्तर तर्फ छेडागाड नगरपालिका पर्दछ भने दक्षिण तर्फ भेरी नगरपालिका कै वार्ड नं ५ पर्दछ । यो वार्ड नं ६ मा मुख्य रुपमा २ वटा वस्तीहरु रहेका छन । ती वस्तीहरु गंगटिया र भेरे रहेका छन । यो भेरी नगरपालिका वार्ड नं ६ मा सबैभन्दा वढी मगर जातीको वसोवास रहेको छ भने त्यसपछी कामी¸ठकुरी र क्षेत्री जातीको वसोवास रहेको छ ।स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत-साधनभेरी नगरपालिका वार्ड नं ६ को प्रमुख विशेषता हो । यो वार्डले भेरी नगरपालिकाको कुल क्षेत्रफलको ७.६५% हिस्सा ओगटेको छ ।

२. स्थानीय चार्डपर्व तथा जात्रा मेलाहरुको विवरण

धार्मिक सहिष्णुता तथा सांस्कृतिक विविधताको विशिष्ठ पहिचान बोकेको भेरी नगरपालिका वार्ड नं ६ मा जातजाति अनुसार चार्डपर्व तथा मेलाहरुमा समेत अनेकतामा एकता देख्न सकिन्छ । बिशेष गरी ब्राम्हृण क्षेत्री, आदिवासी जनजाति¸दलित समुदायहरुले सबै चाडपर्वहरु मिलेर मनाउने वा सहयोग गर्ने गरेको अवस्था छ । उल्लेखित जातीहरु मध्ये यो वार्ड नं ६ मा मगर जातीको वाहुल्यता रहेको छ । कुल जनसंख्याको ३०% जनसंख्या मगरजातीको रहेको छ भने अन्य जातीहरुमा दलित क्षेत्री एवम जनजातीको रहेको छ । यहाँ विभिन्न जातीका विशेष चाडहरु, हिन्दु सनातन संस्कृतिका पर्वहरु धुमधाम संग मनाइने गरिन्छ । भेरी नगरपालिकावार्ड नं ६ भित्र मनाइने पर्व¸मेला तथा नाचको विवरण तल प्रस्तुत गरिएको छ ।

क्रस	मुख्य चाडपर्व / मेला नाचको नाम	मनाउने महिना / दिन	मनाउने प्रमुख जाती वा धर्मावलम्वी	कैफियत
१	असारे सक्रान्ती	साउन १ गते	हिन्दु धर्मालम्बी सबै	
२	जनै पुर्णीमा	श्रावण पुर्णिमा	हिन्दु धर्मालम्बी सबै	
३	मालिका मेला	श्रावण पुर्णिमा	सबै	
४	नागपंचमी	भाद्र	हिन्दु धर्मालम्बी सबै	
५	कृष्ण जन्माष्टमी	भाद्र कृष्ण अष्टमी	हिन्दु धर्मालम्बी सबै	
६	कृष्ण मन्दिर मेला	भाद्र कृष्ण अष्टमी	सबै	
७	तीज	भाद्र शुक्ल तृतिया	हिन्दु महिलाहरु	
८	तीज पंचमी	भाद्र शुक्ल पंचमी	हिन्दु महिलाहरु	

क्रस	मुख्य चाडपर्व / मेला नाचको नाम	मनाउने महिना / दिन	मनाउने प्रमुख जाती वा धर्मावलम्वी	कैफियत
९	दशैं	असोज	हिन्दु धर्मालम्बी सबै	
१०	तिहार	कात्तिक	हिन्दु धर्मालम्बी सबै	
११	मंशीर पुर्णिमा	मंशीर	हिन्दु धर्मालम्बी सबै	
१२	पुष पन्ध्र	पौष १५	हिन्दु धर्मालम्बी सबै	
१३	माघेसक्रान्ती	माघ १ गते	हिन्दु धर्मालम्बी सबै	
१४	शिवरात्री	फागुन	हिन्दु धर्मालम्बी सबै	
१५	होली पुर्णीमा	फागुन	हिन्दु धर्मालम्बी सबै	
१६	चैते दशै	चैत्र	हिन्दु धर्मालम्बी सबै	
१७	ख्याली नाच			
१८	खाँडो नाच			
१९	सिंगारु नाच			
२०	सरींगे (मयुर, गर्रा) नाच			
२१	टप्पा नाँच			
२२	झ्याउरे नाच			

३. पर्यटकीय स्थलहरुको विवरण

भेरी नगरपालिका वार्ड नं ६ पर्यटकीय सम्भावनाका हिसावले महत्वपुर्ण मानिन्छ। यो वार्डमा रहेको मालिका मन्दिर तथा सो स्थानमा रहेका कालिका मालिकाको रुपमा पुजिने ठुला ढुंगाहरु पहाडको टुप्पामा अलौकिक तरीकाले अडीएका छन्। साथै यसै वडामा रहेको कृष्ण मन्दिर मेलामा श्रीकृष्ण जन्माष्टमीका दिन मेला लाग्ने र छेलो हाल्ने चलन छ। गंगटीया बराऔलमा रहेको घाग्रे छहरा तथा मछाइन भ्यू टावर समेत यस वडामा रहेका छन । सूचना र संचारको प्रविधिले फड्को मारे संगै यहाका पर्यटकीय स्थलहरुको प्रचार प्रसार हुन थालेको छ। हाल यो वार्डमा रहेका पर्यटकीय स्थलहरु जसको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ।

क्र स	पर्यटकीय स्थलको नाम	वस्ती	महत्व	औषत आउने पर्यटक	
				स्वदेशी	विदेशी
१	मालिका मन्दिर		बर माग्न बिभिन्न स्थानहरुबाट सो मन्दिरमा आउने	१२०००	०
२	नौमुली गुप्तीदह		भक्तजनहरुको संगम स्थल जहाँ खर्करात्री गरिन्छ	५०००	०
३	कृष्णा मन्दिर		जात्रा लाग्ने र छेलो प्रतियोगिता संचालन गरिने	३०००	०

क्र स	पर्यटकीय स्थलको नाम	वस्ती	महत्व	औषत आउने पर्यटक	
				स्वदेशी	विदेशी
४	घाग्रे छहरा		२५ मिटर लामो छहरा हेरौं हेरौं लाग्ने	५००	०
५	मछाईना भ्यु टावर		भ्यु टावरबाट खलंगा बजार लगायत धेरै ठाउँहरु नियाल्न सकिने	७०००	०

श्रोतः वार्ड नं ६ तथा अन्य वुज्रुकहरु

४.सामुदायिक वनको विवरण

जाजरकोट जिल्लामा वन क्षेत्र प्रसस्त रहेको छ भने भेरी नगरपालिकावार्ड नं ६ मा पनिवन क्षेत्र रहेको छ। खोंच वेसी सहित उच्च पहाडी क्षेत्र भएको हुनाले पनि यो वार्ड नं ६ मा विशेषगरी साल सल्लो वाँज उत्तीस फलाँठ लगायत रुख भएका वनहरु रहेका छन। हाल सम्म यहाँ २ वटा सामुदायिक वनहरु गठन गरी समुदायलाई हस्तान्तरण गरिएको छ। हाल सम्म हस्तान्तरित सामुदायिक वनको विवरण तल प्रस्तुत गरिएको छ।

क्रस	सामुदायिक वनको नाम	क्षेत्रफल	घरधुरी र जनसंख्या			कैफियत
			घरधुरी	महिला	पुरुष	
१	भैरव सामुदायिक वन उपभोक्ता समुह	४४१	२३६	६४६	६१८	
२	मालिका सामुदायिक वन उपभोक्ता समुह	७५	१६९	४४५	३३५	

श्रोतः जिल्ला वन कार्यालय जाजरकोट

५.जनसंख्या वितरणको अवस्था

५.१. वस्ती अनुसार घरधुरी तथा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा मुख्य रुपमा २ वटा वस्तीहरु रहेका छन जहाँ हाल ५५७ घरधुरी रहेका छन भने जनसंख्या ३०७५ रहेकोछ। यो वडाको क्षेत्रफल १६.८२ वर्ग किलोमिटर रहेको छ भने जनघनत्व भने प्रति वर्ग किलोमिटर १८३ रहेको छ। यो वडामा महिला पुरुष अनुपात पनि १:१ रहेको छ अर्थात महिला पुरुष को संख्या करिव करिव वरावर रहेकोछ (कुल २२९५ जनसंख्या मध्ये महिला १५४० र पुरुष १५३५ रहेका छन । समग्रतामा यो वार्ड नं ६ मा महिला भन्दा पुरुष को संख्या ५ ले मात्र घटि रहेको छ। परिवारको औषत आकार ५.५ प्रति घरधुरी रहेकोछ। परिवारको आकारमा सबैभन्दा धेरै ५.६ भेरे वस्तीमा मा रहेको छ भने कम गंगटिया वस्तीमा ५.५ रहेकोछ। माथि उल्लेखित जनसंख्या सम्बन्धी वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	घरधुरी संख्या	जनसंख्या			क्षेत्रफल (वर्ग किमि)	जन घनत्व	परिवारको औषत आकार	महिला पुरुष अनुपात
		महिला	पुरुप	जम्मा				
गंगटीया	२८७	७७२	७९५	१५६७		०	५.५	०.९७
भेरे	२७०	७६८	७४०	१५०८		०	५.६	१.०४
जम्मा	५५७	१५४०	१५३५	३०७५	१६.८२	१८३	५.५	१.००

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.२.उमेरका आधारमा जनसंख्याको विवरण

उमेका आधारमा भेरी नगरपालिका वार्ड नं ६ को जनसंख्यालाई मुख्य हिसावले भिन्न भिन्न उमेर समुह को जनसंख्या गणना गरिएको छ। त्यस्तै आर्थिक हिसावले सकृय उत्पादनमुलक जनसंख्या र आश्रित जनसंख्या पनि गणना गरिएको छ । यसका संगसंगै सामाजिक सुरक्षाका हिसावले जेष्ठ नागरिकहरुको संख्या समेत गणना गरिएकोछ। यो वडामा हाल कायम रहेको मध्ये ५७ % अर्थात १७६६ जनसंख्या आर्थिक रुपमा सकृय रहेको छ (१५ देखि ५९ वर्ष सम्मको) भने ४३ % अर्थात १३०९ जनसंख्या आश्रित रहेकोछ। हाल यो वडाको कुल जनसंख्याको ०.७५ % अर्थात २३ जना जेष्ठ नागरिक रहेका छन। माथि उल्लेखित विवरण लाई तालिकामा तल प्रस्तुत गरिएको छ।

वस्ती	५ वर्ष मुनिका	५-१४ वर्षसम्म	१५ -५९ वर्षसम्म	६०-६९ वर्षसम्म	७० वर्ष माथिका	आश्रितजनसंख्या		आर्थिकरुपलेसकृय	
						जनसंख्या	प्रतिशत	जनसंख्या	प्रतिशत
गंगटीया	२३०	३७८	८९२	५१	१६	६७५	४३	८९२	५७
भेरे	२०५	३५४	८७४	६८	७	६३४	४२	८७४	५८
जम्मा	४३५	७३२	१७६६	११९	२३	१३०९	४३	१७६६	५७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.३. मातृभाषाका आधारमा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा मुख्य रुपमा मगर, कामी, ठकुरी, क्षेत्री, वाहुन दमाइ,र सार्की जातीहरुको वसोवास रहेको छ। उल्लेखित जातीहरुमा मगर जातीको आफ्नो मातृभाषा रहेको छ तर पनि दैनिक वोलिचालिको हिसावले नेपाली भाषा नै प्रमुख रुपमा रहेको छ। मगर जातीका तीन थरि भाषाहरू छन् ती तीन थरिका भाषामा ढुट,खाम र काइके हुन यी तीनै थरिका भाषालाई मगर भाषा भनिन्छ। मातृभाषाका आधारका भेरी नगरपालिका वार्ड नं ६ को जनसंख्यालाई तल प्रस्तुत गरिएकोछः

वस्ती	नेपाली	मगर	गुरुङ	नेवारी	जम्मा	कैफियत
गंगटीया	२७०	१७	०	०	२८७	
भेरे	११९	१५१	०	०	२७०	
जम्मा	३८९	१६८	०	०		

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.४. धर्मका आधारमा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा वसोवास गर्ने प्रायः सबै जातजातीका मानिसहरु हिन्दु धर्म मान्ने गर्दछन। पछिल्लो समयमा सबै जातजातीका केही युवाहरुमा क्रिश्चियन धर्ममा प्रति पनि आस्था रहेको पाइएकोछ। यो तथ्याङ्क संकलनको हिसावमा गणकले तथ्याङ्क संकलन गर्न जाँदा विवरण दिने व्यक्तिको सूचनाका आधारमा यो विवरण तयार गरिएकोछ । एउटै घरमा एक भन्दा वढी धर्मावलम्वी भएमा यसमा गणना गरिएको छैन । हालभेरी

नगरपालिका वार्ड नं ६ मा रहेका ५५७ घरधुरी मध्ये सबै घरधुरी हिन्दु धर्मावलम्वी भएको पाइएकोछ जसको विवरण तल प्रस्तुत गरिएको छः

धर्म	भेरी नगरपालिका वार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
	गंगटीया	भेरे		
हिन्दु	२८७	२७०	५५७	
बौद्ध	०	०	०	
क्रिश्चियन	०	०	०	
जम्मा	२८७	२७०	५५७	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.५. जातका आधारमा घरधुरीको विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा जातका आधारमा सबैभन्दा वढी घरधुरी मगर जातीको रहेको छ। कुल घरधुरीको ३०% अर्थात १६८ घरधुरी मगरको मात्र रहेकोछ। त्यसपछि दोश्रोमा कामी जातीको घरधुरी संख्या रहेको छ । कुल ५५७ घरधुरी मध्ये यो जातीका २५% अर्थात १४२ घरधुरी रहेकाछन । तेश्रोमा ठकुरी जातीका घरधुरी रहेकाछन जुन २३% रहेको छ भने चौथौमा क्षेत्रीजाती रहेको छ जसको २०% घरधुरी रहेकोछ त्यसै गरी दमाई सार्की र वाहुन जातीको पनि नगन्य उपस्थिति रहेकोछ। यो वडामा रहेका घरधुरीको जातीय आधारमा वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएको छः

क्र स	जात	भेरी नगरपालिका वार्ड नं ६ काबस्तीहरु		जम्मा	प्रतिशत
		गंगटीया	भेरे		
१	मगर	१७	१५१	१६८	३०%
२	कामी	९३	४९	१४२	२५%
३	ठकुरी	१२८	२	१३०	२३%
४	क्षेत्री	४८	६१	१०९	२०%
५	दमाई	०	६	६	१%
६	बाहुन	०	१	१	०%
७	सार्की	१	०	१	०%
	जम्मा	२८७	२७०	५५७	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.६. जातका आधारमा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा जातका आधारमा माथि उल्लेखित घरधुरीमा रहेको जनसंख्या विश्लेषण गर्दा जातीय आधारमा ठकुरी क्षेत्री र वादी जातीमा महिलाको संख्या कम रहेकोछ भने समग्रमा पुरुषको संख्या ५ घटि रहेको छ । पारिवारको आकारमा सबैभन्दा वढी वाहुन जातीमा ६ रहेको छ भने सबैभन्दा कम सार्की जातीमा ५ रहेकोछ । छ । यो वडाको औषत परिवारको आकार भने ५.५२ प्रतिघरधुरी रहेको छ जुन नेपालको राष्ट्रिय औषत ४.६ प्रति घरधुरी भन्दा ०.९२ प्रति घरधुरीले वढि हो । जसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छः

क्र स	जात	भेरी नगरपालिका वार्ड नं ६ का बस्तीहरु		जम्मा	महिला	पुरुष	परिवारको आकार
		गंगटीया	भेरे				
१	मगर	८४	८८७	९७१	४९७	४७४	५.८
२	कामी	५३८	२५०	७८८	३९१	३९७	५.५
३	ठकुरी	७०२	१४	७१६	३५९	३५७	५.५
४	क्षेत्री	२३८	३२०	५५८	२७०	२८८	५.१
५	दमाई	०	३१	३१	१६	१५	५.२
६	बाहुन	०	६	६	५	१	६.०
७	सार्की	५	०	५	२	३	५.०
	जम्मा	१५६७	१५०८	३०७५	१५४०	१५३५	५.५२

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.७. थरका आधारमा घरधुरी तथा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा ७ जातीको वसोवास रहेको कुरा माथि उल्लेख गरिसकिएकोछ । उल्लेखित ७ जाती भित्र २९ थरका मानिसहरु वसोवास गर्छन । यहा कुल ८ थरीका क्षेत्री हरु वसोवास गर्दछन भने ८ थरका कामी वसोवास गर्दछन । त्यसै गरी ४ थरका ठकुरी वसोवास गर्छन भने ६ थरी मगर वसोवास गर्दछन । अन्य जातीहरुमा १ थरी दमाई, १ थरी वाहुन र १ थरका सार्की रहेकाछन । थरका आधारमा विभिन्न जातीहरुको घरधुरी र जनसंख्या तल प्रस्तुत गरिएकोछः

क्षेत्री जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	खड्का	३	२०	२३	
२	खत्री	१६	१८	३४	

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
३	डाँगी	३	०	३	
४	बुढा	९	०	९	
५	बुढाथोकी	२	०	२	
६	वली	१५	१८	३३	
७	महतरा	०	४	४	
८	भण्डारी	०	१	१	
	जम्मा	४८	६१	१०९	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

क्षेत्री जातीको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	खड्का	१४	१०८	१२२	
२	खत्री	७३	९४	१६७	
३	डाँगी	१८	०	१८	
४	बुढा	४३	०	४३	
५	बुढाथोकी	९	०	९	
६	वली	८१	८८	१६९	
७	महतरा	०	२४	२४	
८	भण्डारी	०	६	६	
	जम्मा	२३८	३२०	५५८	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

कामी जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	गन्धर्व	७	०	७	

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
२	टमाटा	२	०	२	
३	तिरुवा	३	०	३	
४	नेपाली	२	१३	१५	
५	बस्याल	१	०	१	
६	विक	३१	३६	६७	
७	लोहार	४६	०	४६	
८	वर	१	०	१	
	जम्मा	९३	४९	१४२	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

कामी जातीको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	गन्धर्व	३३	०	३३	
२	टमाटा	१०	०	१०	
३	तिरुवा	१५	०	१५	
४	नेपाली	८	७३	८१	
५	बस्याल	५	०	५	
६	विक	१७८	१७७	३५५	
७	लोहार	२८३	०	२८३	
८	वर	६	०	६	
	जम्मा	५३८	२५०	७८८	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

ठकुरी जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	चन्द	१३	०	१३	

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
२	मल्ल	६	०	६	
३	शाही	७५	२	७७	
४	सिंह	३४	०	३४	
	जम्मा	१२८	२	१३०	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

ठकुरी जातीको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	चन्द	६४	०	६४	
२	मल्ल	३०	०	३०	
३	शाही	४११	१४	४२५	
४	सिंह	१९७	०	१९७	
	जम्मा	७०२	१४	७१६	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

मगर जातीको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	कुवर	८	०	८	
२	घर्ती	२	७४	७६	
३	थापा	४	१४	१८	
४	पुन	२	४५	४७	
५	बुढा	१	१५	१६	
६	राना	०	३	३	
	जम्मा	१७	१५१	१६८	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

मगर जातीको थरका आधारमा जनसंख्या विवरण

क्र स	थर	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
		गंगटीया	भेरे		
१	कुवर	४१	०	४१	
२	घर्ती	७	४२६	४३३	
३	थापा	१८	९२	११०	
४	पुन	१३	२६८	२८१	
५	बुढा	५	८६	९१	
६	राना	०	१५	१५	
	जम्मा	८४	८८७	९७१	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

एक एक मात्र थर भएका जातहरुको थरका आधारमा घरधुरीको विवरण

क्र स	थर	जात	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
			गंगटीया	भेरे		
१	वाहुन	शर्मा	०	१	१	
२	दमाई	परियार	०	६	६	
३	सार्की	सार्की	१	०	१	
	जम्मा		१	१	२	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

एक एक मात्र थर भएका जातहरुको थरका आधारमा जनसंख्याको विवरण

क्र स	थर	जात	भेरी नगरपालिकावार्ड नं ६ का वस्तीहरु		जम्मा	कैफियत
			गंगटीया	भेरे		
१	वाहुन	शर्मा	०	६	६	
२	दमाई	परियार	०	३१	३१	
३	सार्की	सार्की	५	०	५	
	जम्मा		५	३७	४२	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.८. जातीय तथा लिङ्गीय आधारमा घरमुलीको विवरण

प्रचलनका आधारमा र गृह संचालन प्रकृयाका आधारमा घरमुलीको परिभाषा फरक हुने गरेको छ। प्रचलनका आधारमा घरको जेष्ठ नागरिकलाई घरमुली मान्ने प्रचलन छ भने गृह संचालनका हिसावले घरको कारोवार गर्ने मुख्य व्यक्तिलाई घरमुली भनिन्छ। भेरी नगरपालिका वार्ड नं ६ को अध्ययनको क्रममा यहकाँ दुवै व्यक्तिहरुको विवरण लिएर विश्लेषण गरिएको छ तर पनि यो वडामा घरमुली र मुख्य कारोवारी व्यक्ती एउटै भएको पाइएको हुनाले अलग अलग प्रस्तुत गरिएको छैन ।यो वडाको घरधुरी स्तरबाट गरिएको अध्ययन र तथ्याङ्क संकलनले देखाएको आधारमा घरमुलीको विवरण तल प्रस्तुत गरिएकोछः

वस्तिहरु	वाहुन क्षेत्री		जनजाती		दलित		नखुलेको		जम्माघरमुली	
	महिला	पुरुष	महिला	पुरुप	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
गंगटीया	५	१७१	०	१७	१	९३	०	०	६	२८१
भेरे	०	६४	१	१५०	०	५५	०	०	१	२६९
जम्मा	५	२३५	१	१६७	१	१४८	०	०	७	५५०
प्रतिशत	२%	९८%	१%	९९%	१%	९९%	०%	०%	१%	९९%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

माथि उल्लेखित विवरण अनुसार १ % महिलाहरु मात्र घरमुली देखिएको छ। सुक्ष्म अध्ययन बाट अझ के देखिएको छ भने अधिकतम घरमा जेष्ठ नागरिक महिला भएमा घरमुलीमा छोराको नाम लेखिएको पाइएको छ भने जेष्ठ नागरिक पुरुषभएको अवस्थामा भने पुरुष नै लखिएको छ। जसलाई वुदागत रुपमा तल प्रस्तुत गरिएकोछ।



- घरमुली महिला अत्यन्तै न्यून देखिएको छ।
- केवल १% महिला मात्र घरको नेतृत्व गरिरहेकाछन।
- महिलाहरुलाई घरको जिम्मेवारी सुम्पनेमा प्राय सबै जातिमा समान अवस्था देखिएकोछ।

५.९.अपाङ्गता सम्बन्धी विवरण

अपाङ्ग शव्दको अर्थ कुनैपनि अंग विकृत भएको भन्ने हुन्छ। कतियपय अवस्थामा यो अंग भंग भएको वा विग्रिएको वा भाँचिएको हुन्छ भने कतिपय अवस्थामा हेर्दा भंग नभएको तर काम चाहि नगर्ने वा कम गर्ने हुन्छ। त्यसैले

अपाङ्ग शव्द लाई काम संग जोडेर हेर्नु उपयुक्त हुन्छ । नियमित रुपमा समान्य अवस्थामा भन्दा अंग विग्रिएका कारणले काम गर्न नसक्ने अवस्थालाई अपाङ्ग भन्नु पर्छ । जस्तो हात खुट्टा भाँचिएको, नभएको, जलेको आँखा नभएको वा नदेख्ने जस्ता कुराहरु प्रत्यक्ष रुपमा नै विकृत भएका हुन्छन । तर कान नसुन्ने (वहिरा) प्रत्यक्ष रुपमा हेर्दा अपाङ्ग देखिदैन तर उनीहरु पनि यो परिभाषा भित्र पर्दछन । नेपाल सरकारले गरेको परिभाषाका आधारमा भेरी नगरपालिका वार्ड नं ६ को पनि मुख्य ४ वटा समुहमा राखेर तथ्याङ्क संकलन गरिएकोछ । जसको विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	वाहुनक्षेत्री				जनजाती				दलित				जम्मा				कुल जम्मा
	पुर्ण	अधिक	मध्यम	आंशिक	पुर्ण	अधिक	मध्यम	आंशिक	पुर्ण	अधिक	मध्यम	आंशिक	पुर्ण	अधिक	मध्यम	आंशिक	
गंगटीया	२	१	१	१	०	०	०	०	०	०	६	०	२	१	७	१	११
भेरे	२	१	७	४	१	०	१४	२१	२	०	२	२	५	१	२३	२७	५६
जम्मा	४	२	८	५	१	०	१४	२१	२	०	८	२	७	२	३०	२८	६७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

उल्लेखित विवरणबट के देखएको छ भने भेरी नगरपालिका वार्ड नं ६ मा कुल ६७ जना अपाङ्गहरु रहेकाछन । जसमध्ये पनि ७ जना जना पुर्ण अपाङ्ग रहेकाछन । जातीय हिसावले सबै भन्दा वढी वाहुन जनजातीमा ३६ जना अपाङ्ग देखिएको छ भने वाहुन क्षेत्री १९ जना र दलितमा १२ जना रहेकाछन । यो संख्या जातीय सघनताको अनुपातमा कुल जनसंख्याको ४२% बाहुन क्षेत्री रहेकोमा अपाङ्गमा २८% रहेको छ । त्यस्तै कुल जनसंख्यामा ३२% जनजाती रहेकोमा अपाङ्गमा ५४% रहेको छ भने कुल जनसंख्यामा २६% रहको दलित समुदायमा भने अपाङ्गमा १८% रहेकोछ । पुर्ण अपाङ्गताका विषयमा भने कुल पुर्ण अपाङ्ग मध्ये वाहुन क्षेत्रीमा ५७% र जनजातीमा १४% र दलितमा २९% रहेकोछ।

५.१०.घरको छानो तथा गारो सम्बन्धी विवरण

आधारभुत आवश्यकताको प्रमुख तीन पक्ष मध्ये आवास दोश्रो हो तर कुनैपनि व्यक्ति वा समुदायको जीवन स्तर मापन गर्ने आधारमा घर पहिलो नं आउछ । कस्को घर कति राम्रो र सुविधा सम्पन्न छ भन्ने आधारमा उसको जीवन स्तर निर्धारण हुन्छ तर यो तथ्याङ्क संकलन चाहि भेरी नगरपालिका वार्ड नं ६ का कुन घरधुरीको कतिको सुरक्षित आवास छ भन्ने आधारमा विश्लेषण गरिएको छ । सामान्यता फुसको छानो भन्दा ढुंगा इटाको छानो भएको घर वलियो हुन्छ भने भाटा तथा अन्य चिज हरु प्रयोग गरेको भनेको भन्दा ढुंगा माटो वा इटा तथा सिमेन्ट प्रयोग गरेको गारो वलियो र सुरक्षित हुन्छ । सामाजिक सुरक्षामा यो पनि प्रमुख विषय रहेन भएको हुनाले वस्ति स्तरमा त्यसको विवरण संकलन गरिएको छ प्राविधिक हिसावले चाहि गारो कस्तो हुनुपर्छ र कस्तो छ भन्ने विषयमा भने विवरण संकलन गरिएको छैन जुन तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	छानाकोप्रकार					गारोकोप्रकार						जम्मा
	खर	टीन	ढलान	ढुंगा	अन्य	ढुंगामा टोको	ढुंगासिमेन्ट	काठको	वाँसको	टीनको	अन्य	
गंगटीया	१६	८	१	२६२	०	२८४	१	०	२	०	०	२८७
भेरे	२८	३५	०	२०६	१	२७०	०	०	०	०	०	२७०
जम्मा	४४	४३	१	४६८	१	५५४	१	०	२	०	०	५५७
प्रतिशत	८%	८%	०%	८४%	०%	९९%	०%	०%	०%	०%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

यो तालिकाले देखाए अनुसार भेरी नगरपालिका वार्ड नं ६ का कुल ५५७ घरधुरी मध्ये ८४% घरधुरी ढुंगाको छानो भएका छन भने ८% खरको र ८% टीनको छानो भएकाछन । २ घरधुरीहरु अझैपनि वाँस प्लास्टिक आदिले छाएका छन भने २ वटा घरधुरिको छानो ढलान गरिएकोछ। त्यस्तै गारोको हकमा ९९% घरको गारो ढुंगा माटोको वनेको छ भने ढुंगा सिमन्ट प्रयोग गरेर वनाएका घरहरु १% रहेकाछन। त्यसैगरि २ वटा घर वाँसको गारो भएकाछन। यसले के देखाउछ भने सबैजसो घरधुरिहरु उपयुक्त आवास छन।

५.११.घर सम्म पुग्ने वाटो सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ सदरमुकाम नजिक भएपनि सबै घरधुरीहरु सडकको पहुचमा छैनन। यो वार्ड नं ६ का कुल ५५७ घरधुरी मध्ये ३६% अर्थात २०२ घरधुरीमा सडकको पहुच पुगेको छ भने ६४% अर्थात ३५५ घरधुरी मा पुग्न अझै पैदल वाटोको सहारा लिनु पर्ने अवस्था छ । घरसम्म पुग्ने बाटोका आधारमा वस्तीस्तरीय घरधुरी विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	घरपुग्ने वाटो					जम्मा	कैफियत
	गोरेटो	घोरेटो	कच्ची	ग्राभेल	पक्की		
गंगटीया	२७४	७	६	०	०	२८७	
भेरे	५९	१५	१९६	०	०	२७०	
जम्मा	३३३	२२	२०२	०	०	५५७	
प्रतिशत	६०%	४%	३६%	०%	०%	१००%	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.१२.स्वामित्वका आधारमा घरधुरीको विवरण

भेरी नगरापालिका वार्ड नं ६ भित्र हाल वसोवास गर्दै आएका ५५७ घरधुरीमा सबै ५५७ घरधुरीको आफ्नै निजी घर हुनु राम्रो पक्ष हो। स्वामित्वका आधारमा वस्ती स्तरीय घरधुरिको विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	घरको स्वामित्व					जम्मा	कैफियत
	नीजि	भाडा	संस्थाको	सरकारी	अन्य		
गंगटीया	२८७	०	०	०	०	२८७	
भेरे	२७०	०	०	०	०	२७०	
जम्मा	५५७	०	०	०	०	५५७	
प्रतिशत	१००%	०%	०%	०%	०%	१००%	

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेठ

५.१३. एकल जनसंख्याको विवरण

सरकारी परिभाषाले जे जसरी व्याख्या गरेको भएपनि यो वार्ड नं ६ को हकमा एकल जनसंख्या भन्नाले विवाह पश्चात श्रीमान मरेर विधवा भएकी श्रीमती तथा श्रीमती मरेर विधुर भएको श्रीमानको रुपमा परिभाषित गरिएकोछ। नेपाल परापुर्व काल देखि नै पितृ सत्तात्मक देश भएको हुनाले धेरैजसो अवस्थामा श्रीमती मरेपछि श्रीमानले पुन विवाह गर्ने गरेको तर श्रीमान मरेपछि श्रीमती चाहि त्यतिकै वसेको अवस्था देखिन्छ। प्राविधिक हिसावले पनि श्रीमानले पुन विवाह गर्दा उसको कुनै सन्तान सम्पत्ति थर गोत्रमा समस्या नुहने र श्रीमती ले पुन विवाह गर्दा अर्को घरमा जानु पर्ने सम्पत्ती तथा सन्तान नै छोड्नु पर्ने भएकोहुनाले पनि यो संख्या कम रहने गर्दछ। हिन्दु संस्कार र वाहुन क्षेत्री समुदायमा त यसको अझ धेरै प्रभाव रहेको छ। भेरी नगरपालिका वार्ड नं ६ मा हाल ५२ जना एकल जनसंख्या रहेको छ। जसमा ३४ जना महिला र १८ जना पुरुष रहेकाछन।जसको विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	वाहुनक्षेत्री		जनजाती		दलित		जम्मा		
	विधवा	विधुर	विधवा	विधुर	विधवा	विधुर	विधवा	विधुर	जम्मा
गंगटीया	१३	५	०	६	२	४	१५	१५	३०
भेरे	६	१	११	१	२	१	१९	३	२२
जम्मा	१९	६	११	७	४	५	३४	१८	५२

श्रोतः घरधुरीसर्भेक्षण २०७५ जेष्ठ

५.१४. पेशाका आधारमा जनसंख्याको विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा पेशाका आधारमा यहाँको जनसंख्यालाई पारिवारिक रुपमा उल्लेख गर्ने परम्परालाई संसोधन गर्दै हाल कायम रहेको १५ वर्ष भन्दा माथिको संख्यालाई मात्र पेशाका आधारमा वर्गीकरण र विश्लेषण गरिएकोछ। यो वडाको कुल जनसंख्या ३०७५ मध्ये १५ वर्ष भन्दा मुनीको संख्या ११६७ लाई घटाउदा वाँकीरहन आएको १९०८ जना मध्ये कतिजना कुन व्यवसायमा संलग्न रहेकाछन भन्ने कुरा विश्लेषण गरिएकोछ। यो वडाको जनसंख्यालाई सहभागिताको आधारमा मात्र हेर्दा यहाँको प्रमुख पेशा कृषि देखिएको छ।

यहाँको कुल आर्थिक रुपमा सकृय जनसंख्याको ५०% अर्थात ९४७ जनसंख्या कृषि पेशामा आवद्ध रहेको भने व्यापारमा १% अर्थात २२ जना जनसंख्या रहेकोछ । त्यसैगरी ९% अर्थात १८० जना स्वदेश भित्र विभिन्न सरकारी तथा गैह्रसरकारी नोकरीमा आवद्ध रहेकोछ । हाल वैदेशिक रोजगारीमा रहेको संख्या ३% अर्थात ६१ रहेकोछ भने ९% अर्थात १७७ जनसंख्या दक्ष तथा अदक्ष ज्यालादारीमा संलग्न रहेको छ । यसरी कुल उत्पादनशिल जनसंख्याको ७३% कुनै न कुनै पेशामा संलग्न रहेको भने वाँकी २७% पेशा मा संलग्न देखिदैन । पेशामा संलग्नताका आधारमा यस वडाकोवस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	कृषि	व्यापार	उद्योग व्यवसाय	नोकरी	ज्यालादारी	राजनीति	वैदेशिक रोजगार	विद्यार्थी	पेशाहीन	जम्मा
गंगटीया	४४२	१८	२	१००	११३	०	३३	२५०	१	९५९
भेरे	५०५	४	०	८०	६४	०	२८	२६८	०	९४९
जम्मा	९४७	२२	२	१८०	१७७	०	६१	५१८	१	१९०८
प्रतिशत	५०%	१%	०.१%	९%	९%	०%	३%	२७%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५जेष्ठ

माथि उल्लेखित तालिका को सुक्ष्म अध्ययनको लागि नोकरी,ज्यालादारी र वैदेशिक रोजगारीलाई टुक्राएर हेर्दा अझ स्पस्ट हुने भएकोले सो अनुसार गर्न प्रयास गरिएकोछ । नोकरीलाइ सरकारी गैह्र सरकारी तथा नीजि क्षेत्रमा विभाजन गरिएको छ भने ज्यालादारीलाई दक्ष र अदक्ष भनी उल्लेख गरिएकोछ । त्यसैगरि वैदेशिक रोजगारीमा संलग्न जनसंख्यालाई महिला तथा पुरुष भनि छुट्याइएकोछ । जसको विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	सरकारी नोकरी		पेन्सन	गैह्रसरकारी नोकरी		नीजि श्रोत	वैदेशिक रोजगार		जम्मा
	स्थायी	अस्थाई		NGO	INGO		महिला	पुरुष	
गंगटीया	१२	१७	१	२	७	६१	११३	०	३
भेरे	४	१६	१	१	१	५७	६४	०	१
जम्मा	१६	३३	२	३	८	११८	१७७	०	४
प्रतिशत	१%	२%	०%	०%	०%	६%	९%	०%	०%

पेशागत आधारमा भेरी नगरपालिका वार्ड नं ६ को उत्पादनशिल जनसंख्यालाई स्तम्भ चित्रमार्फत तल प्रस्तुत गरिएकोछः



श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.१५. विशेष सीपयुक्त जनसंख्याको विवरण

कुनैपनि स्थानीय तहको समृद्धिका लागि विशेष सीपयुक्त जनशक्तिको प्रधानता रहन्छ । विशेष गरेर यो क्षेत्रमा डाक्टर इन्जिनियर वकील लेखाव्यवसायी ,पत्रकार आयुर्वेद विज्ञ (जडिवुटीका वारे ज्ञान भएका) तथा धामी झाक्री पुरोहित सिकर्मी डकर्मी लगायत के कति छन भन्ने वारेमा तथ्याङ्क संकलन गरिएको छ । यो वार्ड नं ६ मा उल्लेखित विशेषज्ञहरु को संख्या नभएको पाइयो ।

वस्ती	डक्टर	इन्जीनियर	पुरोहित	सिकर्मि	डकर्मी	बैद्य	धामी	वकील	जम्मा
गंगटीया	०	०	०	०	०	०	०	०	०
भेरे	०	०	०	०	०	०	०	०	०
जम्मा	०	०	०	०	०	०	०	०	०

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.१६. वैदेशिक रोजगार सम्बन्धी विवरण

नेपाल कृषि प्रधान देश भएपनि यहाँका लाखौ युवाहरु यो पेशामा आकर्षित देखिदैन भने यहाँ कृषि पेशा सम्मानित पनि देखिदैन । उपभोगका हिसावले प्रायः सबै नेपालीहरु स्थानीय स्तरमा उत्पादन भएका, रासयानिक मल प्रयोग नगरेका, स्थानीय वीउ प्रयोग गरिएका र विषादी प्रयोग नगरिएका उत्पादनहरु मन पराउने तर तीनै वस्तु उत्पादकले चाहि अपमान व्यहोर्नु पर्ने अवस्था बाट यो वडा पनि अलग छैन । हाल यो वडाको कुल जनसंख्याको

५% जनशक्ति जुन सबैभन्दा उर्वर उमेरमा हिडिरहेकोछ, वैदेशिक रोजगारमा छ। यो वडाको कुल उत्पादनशिल जनसंख्याको ३% जनसंख्या अर्थात ६१ जना वैदेशिक रोजगारमा संलग्न भएकाछन जसमध्ये ४ जना महिला र ५७ जना पुरुष रहेकाछन। जसको वस्ती स्तरीय संगै जातीय र लिंगीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	वाहुनक्षेत्री		जनजाती		दलित		जम्मा			महिला %
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	जम्मा	
गंगटीया	१	२१	०	०	२	९	३	३०	३३	९%
भेरे	१	७	०	१६	०	४	१	२७	२८	४%
जम्मा	२	२८	०	१६	२	१३	४	५७	६१	७%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.१७. चर्पी उपयोग सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ खुल्ला दिसा मुक्त वडा भएपनि अझै सबै घरमा चर्पी निर्माण हुन सकेको छैन। कतिपय घरधुरीमा चर्पी निर्माण नै नभएको अवस्था छ भने कतिपय घरधुरिमा एकाघरबाट छुट्टि भिन्न भएका कारण चर्पी निर्माण हुन सकेको छैन। हाल भेरी नगरपालिका वार्ड नं ६मा ५५७ घरधुरी मध्ये ७ घरधुरीमा पक्की पेनवाला चर्पी रहेको छ भने ५४५ घरधुरीमा खाल्डे चर्पी रहेकोछ तर अझैपनि ५ घरधुरीमा कुनैपनि चर्पी वनाइएको छैन। चर्पी नभएका घरधुरी मध्ये वाहुन क्षेत्रीको २, जनजातिको २ र दलितको १ रहकोछ। चर्पी निर्माण संगै यसको उपयोगमा पनि जोड दिनु पर्ने देखिन्छ। हाल भेरी नगरपालिका वार्ड नं ६ मा चर्पी निर्माण र उपयोग सम्वधी जातीय तथा वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	वाहुनक्षेत्री			जनजाती			दलित			जम्मा			
	पक्की	खाल्डे	नभएको	पक्की	खाल्डे	नभएको	पक्की	खाल्डे	नभएको	पक्की	खाल्डे	कुल जम्मा	नभएका जम्मा
गंगटीया	३	१७२	१	०	१७	०	०	९३	१	३	२८२	२८५	२
भेरे	१	६२	१	१	१४८	२	२	५३	०	४	२६३	२६७	३
जम्मा	४	२३४	२	१	१६५	२	२	१४६	१	७	५४५	५५२	५

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.१८. परिवार नियोजन सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा परिवार नियोजनको झट्ट हेर्दा संख्या कम देखिएको छ कतिपयले यो विषय लुकाएर सूचना नदिएको जस्तो लाग्यो तर सुक्ष्म रुपमा अध्ययन गर्दा यो संख्या यहाँका लागि पर्याप्त लाग्दछ। यो वडामारहेको कुल जनसंख्या ३०७५ मध्ये १५ देखि ५९ वर्ष सम्मको जनसंख्या १७६६ हो। परिवार नियोजनका हिसावले आवश्यक पर्ने मध्ये ६३७ जनाले परीवार नियोजन गरेका छन। जसको विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	वाहुनक्षेत्री		जनजाती		दलित		जम्मा		
	स्थायी	अस्थायी	स्थायी	अस्थायी	स्थायी	अस्थायी	स्थायी	अस्थायी	जम्मा
गंगटीया	६	१७६	०	१८	८	९७	१४	२९१	३०५
भेरे	२०	६१	३२	१५५	९	५५	६१	२७१	३३२
जम्मा	२६	२३७	३२	१७३	१७	१५२	७५	५६२	६३७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.१९.दीर्घरोगी सम्बन्धी विवरण

दीर्घ रोग भन्नाले लामो समय सम्म असर गर्ने खालको औषधी खाई रहनु पर्ने रोगहरुलाई जनाउछ । कतिपय रोगहरुमा नियमित औषधी खाइरहनु पर्दैन तर खानेकुराहरुमा निगरानी राख्नु पर्छ भने कतिपय रोगहरुमा नियमित रुपमा औषधी खानु पर्ने हुन्छ । नेपाली समाजमा देखिएका साझा प्रकृतिका रोगहरुको वारेमा नाम नै किटान गरी सूचना संकलन गरिएको छ । जसको आधारमा यो भेरी नगरपालिका वार्ड नं ६ मा कुल ७८ जना दीर्घ रोगी रहेकाछन जसको वस्तीस्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	मधुमेह	पक्षघात	टिवि	क्यान्सर	मृगौला विग्रेको	दम	वाथ	अन्य	जम्मा
गंगटीया	०	०	३	०	०	१२	२	१	१८
भेरे	१	०	८	२	९	१७	१९	४	६०
जम्मा	१	०	११	२	९	२९	२१	५	७८

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.२०. खानेपानीको श्रोत सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ का ५५७ घरधुरीमा खानेपानीको मुख्य र सहायक गरी २ वटा श्रोतको वारेमा सूचना संकलन गरिएकोछ । त्यो विवरण अनुसार यो वडाका सबै घरधुरी पाइप धाराको पानी उपयोग गर्दछन । यहाँ मुख्य श्रोत र सहायक श्रोतका वारेमा छुट्टा टुट्टै विश्लेषण गरिएको छ ।

५.२०.१. खानेपानीको मुख्य श्रोत सम्बन्धी विवरण

यो वडाका १००% अर्थात ५५७ घरधुरीमा खानेपानी पाइप मार्फत आउछ यसको अर्थ पानी वोक्नका लागि धेरै समय खर्चनु पर्दैन । पहाडी प्रदेशको सबैभन्दा ठुलो समस्या वन्दै गएको खानेपानीको अभाव यहाँ कम देखिएको छ । । खानेपानीको श्रोतको आधारमा वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	धारा	ट्युवेल	कुवा	जरुवामुल	खोला	अन्य	जम्मा	एकभन्दा वढी श्रोत प्रयोग गर्ने
गंगटीया	२८७	०	०	०	०	०	२८७	४
भेरे	२७०	०	०	०	०	०	२७०	८८
जम्मा	५५७	०	०	०	०	०	५५७	९२
प्रतिशत	१००%	०%	०%	०%	०%	०%	१००%	१७%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.२०.२. खानेपानीको सहायक श्रोत सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा रहेका ५५७ घरधुरी मध्ये करीव १६% अर्थात ९० घरधुरीमा मात्र खानेपानीको वैकल्पिक श्रोत रहेको छ। बाँकी ४६७ घरधुरीको खानेपानीको वैकल्पिक श्रोत देखिदैन। यसबाट पनि यहाँको पानी को समस्या बढी रहेको देखिन्छ। कुल ५५७ घरधुरी मध्ये ९८ % अर्थात ९० घरधुरीको वैकल्पिक श्रोत जररुवा मुलको पानी रहेको छ भने २% अर्थात २ घरधुरीको कुवाको पानी रहेको छ। भेरी नगरपालिका वार्ड नं ६ को वस्ती स्तरीय खानेपानीको वैकल्पिक श्रोत सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	धारा	ट्युवेल	इनार कुवा	जरुवा मुल	खोला/ नदी	अन्य	जम्मा
गंगटीया	०	०	०	४	०	०	४
भेरे	०	०	०	८६	२	०	८८
जम्मा	०	०	०	९०	२	०	९२
	०%	०%	०%	९८%	२%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.२१. खाना पकाउने चुल्हो सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ का विशेष गरि महिलाहरुको धेरै समय वित्ने भान्सामा कस्तो प्रकारको चुल्हो प्रयोग भइरहेको छ भन्ने प्रमुख विषय हो। हाल यो वडामा धेरैजना दम रोगी हुनु को पछाडी भान्साको धुवाँ पनि एउटा कारण हो त्यसैंले यसमा विशेष कार्यक्रम तयार गरेर अगाडी वढ्न सहज होस भनेर चुल्होको अवस्थाका वारेमा तथ्याङ्क संकलन गरिएकोछ। जसका आधारमा यो वडाका ५५७ घरधुरी मध्ये अझैपनि १००% अर्थात ५५७ घरधुरीमा परम्परागत चुल्होको प्रयोग भइरहेकोछ। यो वडामा भएका चुल्होहरुको वस्तीस्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	परम्परागत चुल्हो	सुधारिएको चुल्हो	LP ग्यासचुल्हो	मट्टितेल स्टोभ	गोवर ग्यास चुल्हो	विद्युतिय चुल्हो	जम्मा
गंगटीया	२८७	०	०	०	०	०	२८७
भेरे	२७०	०	०	०	०	०	२७०
जम्मा	५५७	०	०	०	०	०	५५७
प्रतिशत	१००%	०%	०%	०%	०%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.२२. खाना पकाउने इन्धन सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ का कुल ५५७ घरधुरी सबै १००% घरधुरीमा अझैपनि परम्परागत चुल्हो भएको भएको हुनाले खाना पकाउने इन्धनको रुपमा दाउरा प्रयोग हुनेमा दुइमत छैन। हाल प्रयोग भइरहेको आधारमा खानापकाउने इन्धन को वस्तीस्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	दाउरा	LP ग्यास	मट्टितेल	गोवर	विद्यूत	अन्य	जम्मा	एक भन्दा वढीश्रोत प्रयोग गर्ने
गंगटीया	२८७	०	०	०	०	०	२८७	०
भेरे	२७०	०	०	०	०	०	२७०	८८
जम्मा	५५७	०	०	०	०	०	५५७	८८
	१००%	०%	०%	०%	०%	०%	१००%	१६%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

माथि उल्लेखित आधारमा १००% घरधुरीमा दाउरा नै प्रमुख इन्धन हो। यसका अतिरिक्त वैकल्पिकरुपमा पनि इन्धनको प्रयोग गर्ने घरधुरीहरु रहेका छन हाल यो वडाका केही घरधुरीहरुमा खाना पकाउने इन्धनको वैकल्पिक व्यवस्थापन पनि देखिन्छ भने वैकल्पिक इन्धनको रुपमा एल पि ग्यास रहेकोछ भने वाँकी घरधुरीमा दाउराको विकल्प दाउरा नै रहेको छ।

५.२३. उज्यालोको लागि वत्ती प्रयोग सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा हाल सम्म केन्द्रिय विद्युत वलेको छैन। यो वडाको सौर्य उर्जा उज्यालोको प्रमुख श्रोत हो। यहाँका कुल ५५७ घरधुरीमा सबै घरधुरीमा सोलार वत्ती उज्यालोको लागि प्रयोग भइरहेकोछ । हाल अनुदान लगायत अन्य सानो वजेट बाट पनि खरिद गर्न सकिने भएको हुनाले सोलार वत्ती दुर्गम क्षेत्रको उज्यालोको प्रमुख माद्यम भएको छ। उज्यालोको लागि वत्ती प्रयोग सम्बन्धी वस्तीस्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्तीहरु	सोलार	माइक्रोहाइड्रो	केन्द्रीय विद्युत	मट्टितेल	गोवरग्यास	अन्य	जम्मा
गंगटीया	२८७	०	०	०	०	०	२८७
भेरे	२७०	०	०	०	०	०	२७०
जम्मा	५५७	०	०	०	०	०	५५७
प्रतिशत	१००%	०%	०%	०%	०%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.२४. सेवासुविधा उपलव्धता सम्बन्धी विवरण

सेवा सुविधा अन्तरगत सामान्यतया सूचना संचार यातायात भौतिक सामाग्री आदीको विषयमा यो वडाका कति घरधुरीमा कतिको पहुच रहेको छ भन्ने विषयलाई समेटिएको छ । सूचना संचारमा रेडियो टेलिभिजन

मोवाइल,यातायात अन्तरगत मोटरसाइकल, गाडी र अन्य भौतिक समाग्रीमा, फ्रिज, कम्प्युटर जस्ता विषयहरु समावेस गरिएका छन । समग्रतामा हेर्दा पहिले संचारको प्रमुख माध्यम भएको रेडियो अहिले टेलिभिजन इन्टरनेट मोवाइल आदीका कारणले प्रतिस्थापित हुदै गइरहेको अवस्था देखिन्छ । हाल यो वडाका कूल ५५७ घरधुरी मध्ये ४६% अर्थात २५९ घरधुरीमा मात्र रेडियो प्रयोग भइरहेकोछ । त्यसैगरी २% अर्थात ११ घरधुरीले टेलिभिजन प्रयोग गरिरहेकाछन । संचारको प्रमुख साधन मोवाइल अहिले ९२% अर्थात ५११ घरधुरीमा प्रयोग भइरहेको छ । सेवा सुविधा उपव्धताको विवरण तल प्रस्तुत गरिएको छः

वस्ती	सेवा सुविधा भएका घरधुरीको विवरण									
	जम्मा घरधुरी	रेडियो	टिभि	मोवाईल	इन्टरनेट	केवुल	गाडी	फ्रिज	मोटर साइकल	कम्प्युटर
गंगटीया	२८७	१०३	९	२६०	०	९	०	०	१	०
भेरे	२७०	१५६	२	२५१	०	२	०	०	०	०
जम्मा	५५७	२५९	११	५११	०	११	०	०	१	०
प्रतिशत		४६%	२%	९२%	०%	२%	०%	०%	०%	०%

५.२५. सेवासुविधा उपयोग सम्बन्धी विवरण

माथि उल्लेखित सेवा सुविधा उपलव्ध भएका घरधुरीमा कुन सेवा सुविधा कतिको संख्यामा छ भन्ने आधारमा यसको उपयोग गणना गरिएको छ । यो विश्लेषण देखाए अनुसार कम्प्यूटर गाडी फ्रिज केवुल इन्टरनेट एक घरधुरीमा एउटा मात्र रहेको छ भने रेडियो टेलिभिजन मोवाइल जस्ता वस्तुहरु एक भन्दा धेरै रहेकाछन । जसको विवरण वार्डस्तरीय रुपमा तल प्रस्तुत गरिएको छः

वस्ती	सेवा सुविधाको संख्यात्मक विवरण								
	रेडियो	टिभि	मोवाईल	इन्टरनेट	केवुल	गाडी	फ्रिज	मोटर साइकल	कम्प्युटर
गंगटीया	१०४	९	६१९	१	९	०	०	१	०
भेरे	१५६	२	६४७	०	२	०	०	०	०
जम्मा	२६०	११	१२६६	१	११	०	०	१	०
उपयोग कर्ता	२५९	११	५११	१	११	०	०	१	०

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

५.२६.जीविकोपार्जन सम्बन्धी विवरण

कुनैपनि क्षेत्र गाउँ या जिल्लाकै विकासका लागि जीविकोपार्जन मा आत्मनिर्भरता को प्रमुख भुमिका हुने गर्दछ। खाद्यान्न आत्मनिर्भरता को विषयलाई हेरेर गरीवि नक्सांकन गर्दा सामान्यतया आफ्नो उत्पादनले कति समय सम्म खानपुग्छ भन्ने आधारमा गरिन्छ र त्यसलाई मुख्य ४ खण्डमा विभाजन गरिन्छ जसमा आफ्नो उत्पादनले ३ महिना सम्म खानपुग्ने , छ महिना सम्म खानपुग्ने , ९ महिना सम्म खान पुग्ने र १२ महिना वा सो भन्दा वढी समय सम्म खानपुग्ने पर्दछन। विकास प्रकृयामा यो उपयुक्त विधि हैन किन भने यतिले मात्र गरीवि मापन गर्दा अधुरो हुन्छ त्यसैले यो वडाको हकमा अत्यन्तै सुक्ष्म विश्लेषण गरेर आफ्नो वार्षिक आम्दानीले (सबै क्षेत्रबाट प्राप्त) हरेक घरधुरीको कति समय सम्म जीविको पार्जन हुन्छ ? भन्ने आधारमा विश्लेषण गरिएकोछ। मुख्य रुपमा हरेक सदस्यका लागि आवश्यक पर्ने विभिन्न क्षेत्रहरु खाना, कपडा,शिक्षा,स्वास्थ्य, चाडपर्व, मनोरञ्जन, संचार, अम्मल लगायतका विषयमा हुने खर्चलाई विश्लेषण गरिएकोछ यसलाई पनि २ वटा प्रमुख खण्डहरुमा विभक्त गरि अध्ययन गरिएकोछ। पहिलो खण्ड अन्तरगत वैदेशिक रोजगारबाट प्राप्त आम्दानीलाई अलग गर्ने हो भने कति समय यो वडा जीविकोपार्जन गर्न सक्छ भन्ने विश्लेषण गरिएको छ भने दोश्रो खण्डमा वैदेशिकरोजगारबाट प्राप्त आम्दानी समेतले कति समय जीविकोपार्जन हुन्छ भन्ने विश्लेषण गरिएको छ।

५.२६.१. वैदेशिक रोजगार विना जीविकोपार्जन सम्बन्धी विवरण

वैदेशिक रोजगार बाट प्राप्त भएको आम्दानीलाई अलग गरेर हेर्दा यहि देशको कमाइले भेरी नगरपालिका वार्ड नं ६ ले अधिकतम ८.३ महिना अर्थात २४९ दिन मात्र निर्वाह गर्न सक्छ भने वस्ती स्तरीय रुपमा हेर्दा गंगटियाले २५६ दिन वा ८.५ र भेरेले ८ महिना वा २४१ दिन निर्वाह गर्न सक्छ यो भन्दा अतिरिक्त समय निर्वाह गर्नका लागि दैनिक मजदुरी वा ऋण लिनुपर्ने अवस्था रहेकोछ। जीवन निर्वाहका आधारमा वस्तीस्तरीय जातीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	३महिना सम्म पुग्ने			६महिनासम्म पुग्ने			९महिना सम्म पुग्ने		
	वाहुनक्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित
गंगटीया	७	३	१३	४२	४	२१	३६	२	२५
भेरे	१०	२८	१९	२३	३३	१६	३	३४	४
जम्मा	१७	३१	३२	६५	३७	३७	३९	३६	२९
प्रतिशत	७%	१८%	२१%	२७%	२२%	२५%	१६%	२१%	१९%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

वस्ती	१२महिना सम्म पुग्ने			१२महिना भन्दा वढी			आप्नो कमाइले जिविको पार्जन गर्ने	
	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित	महिना	दिन
गंगटीया	३९	२	२३	५२	६	१२	८.५	२५६
भेरे	४	२०	७	२४	३६	९	८.०	२४१
जम्मा	४३	२२	३०	७६	४२	२१	८.३	२४९
प्रतिशत	१८%	१३%	२०%	३२%	२५%	१४%		

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

माथि उल्लेखित विवरणलाई स्तम्भ चित्र मार्फत तल प्रस्तु गरिएको छः









नोटः उल्लेखित स्तम्भ चित्रमा जातीय कुल संख्याको आधारमा % गणना गरिएको हुनाले जातीय %जोड्दा मात्र १०० हुन्छ।

माथि उल्लेखित विवरण अनुसार यो वडामा संख्यात्मक रुपमा जीवन निर्वाह गर्न सक्ने परीवारमा ११९ वाहुन क्षेत्री, ६४ जनजाती र ५१ दलित घरधुरी रहेका छन। यसरी हेर्दा कुल २३४ घरधुरी मात्र सम्पन्न देखिएका छन जुन कुल घरधुरी संख्याको ४२% हुन आउछ भने अझै ३२३ अर्थात ५८% घरधुरी गरीब रहेका छन । कुल ५८% गरीब घरधुरी मध्ये ८० अर्थात १४% अति गरीव , १३९ अर्थात २५% मध्यम गरीव र १९ अर्थात २१% गरीव घरधुरी रहेकाछन।

५.२६.२. वैदेशिक रोजगार सहित जीविकोपार्जन सम्बन्धी विवरण

हाल नेपाल नै रेमिट्यान्स बाट चलिरहेको अवस्थाछ। ४० लाख नेपालीले विदेशबाट पठाएको रकमले यहाँको जीवन निर्वाहमा महत्वपुर्ण भुमिका निर्वाह गरेको छ तर पनि यसकै खासै ठुलो असर भेरी नगरपालिकावार्ड नं ६मा परेको छैन। भेरी नगरपालिका वार्ड नं ६ बाट हाल ६१ जना युवाहरु वैदेशिक रोजगारमा गएका छन र उनीहरुले पठाएको पैसाले यहाँको पनि जीविकोपार्जनमा सहायक वनेकोछ । तत्कालको अवस्थामा रेमिट्यान्स सहितको आम्दानीले यो वडाको कुल खर्चलाइ करिव ९.३ महिना मात्र धान्न सकेकोछ। वस्तीस्तरमा गंगेटियाको वार्षिक आम्दानीले केवल २८९ दिन अर्थात ९.६ महिना र भेरेले २६७ दिन अर्थात ८.९ महिना धान्न सकेको देखिन्छ। समग्रतामा यो अवस्था भएपनि व्याक्तिगत रुपमा यो वडाको अवस्था भने फरक छ । घरधुरी स्तरमा यो तथ्याङकलाई विश्लेषण गर्दा यो वडाका कुल ५५७ घरधुरी मध्ये हाल २७८ अर्थात करीव ५०% घरधुरी को मात्र जीवन निर्वाह हुन सकेको छ भने अझै पनि २७९ अर्थात करिव ५०% घरधुरी गरिविको रेखामुनी रहेकाछन। वैदेशिक रोजगारमा जाने युवाहरु पनि विशेष गरि भारत तथा खाडी मुलुक तर्फ जाने गरेको हुनाले खासै आम्दानी गर्न सकेको अवस्था छैन । वैदेशिक रोजगार सहितको आम्दानी बाट जीवन निर्वाहका आधारमा वस्तीस्तरीय जातीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	३ महिना सम्म पुग्ने			६महिना सम्म पुग्ने			९ महिना सम्म पुग्ने		
	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित
गंगटीया	४	३	९	२९	४	१८	३४	२	२६
भेरे	७	२१	१७	१९	३०	१५	४	३२	५
जम्मा	११	२४	२६	४८	३४	३३	३८	३४	३१
प्रतिशत	५%	१४%	१७%	२०%	२०%	२२%	१६%	२०%	२१%

श्रोतःघरधुरी सर्वेक्षण २०७५ जेष्ठ

वस्ती	१२ महिना सम्म पुग्ने			१२ महिना भन्दा वढी			आप्नो कमाइले जिविको पार्जन गर्ने (वस्ती)	
	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित	महिना	दिन
गंगटीया	४३	२	२२	६६	६	१९	९.६	२८९

वस्ती	१२ महिना सम्म पुग्ने			१२ महिना भन्दा वढी			आप्नो कमाइले जिविको पार्जन गर्ने (वस्ती)	
	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित	महिना	दिन
भेरे	८	२४	७	२६	४४	११	८.९	२६७
जम्मा	५१	२६	२९	९२	५०	३०	९.३	२७८
प्रतिशत	२१%	१५%	१९%	३८%	३०%	२०%		

श्रोतःघरधुरी सर्वेक्षण २०७५ जेष्ठ

उल्लेखित विवरणलाई यो वार्ड नं ६ मा रहेका वाहुनक्षेत्री २४० घरधुरी जनजाती, १६८ घरधुरी र दलित १४९ घरधुरीका आधारमा प्रतिशतमा निकालि अध्ययन गर्न स्तम्भ चित्र मार्फत तल प्रस्तु गरिएको छः









श्रोतःघरधुरी सर्भेक्षण २०७५ जेष्ठ

माथि उल्लेखित विश्लेषण बाट सारमा के देखिएको छ भने हालको अवस्थामा वैदेशिक रोजगार पनि नियमित आम्दानीको श्रोत वनीरहेको परिप्रेक्षमा वैदेशिक रोजगार सहितको आम्दानीलाई नै वडाको आम्दानी मान्नु पर्ने

हुन्छ । त्यसैले निस्कर्षको रुपमा हाल भेरी नगरपालिका वार्ड नं ६ को कुल ५५७ घरधुरी मध्ये करिव ५०% अर्थात २७८ घरधुरी मात्र खाद्य सुरक्षाका हिसावले सुरक्षित (सम्पन्न) रहेका छन भने ५०% अर्थात २७९ घरधुरी असुरक्षित (विपन्न) रहेकाछन । विपन्न भित्रका पनि खाद्य सुरक्षाका हिसावले तीन महिना,छ महिना र नौ महिना सुरक्षित भएका परिवारहरुको विवरण माथि उल्लेख गरिसकिएको हुनाले समग्रतामा यो वडाका खाद्यसुरक्षाका हिसावले विपन्न तथा सम्पन्न परिवारको जातीय वस्तीस्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	गरीव			सम्पन्न			जम्मा			कुल जम्मा
	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित	वाहुन क्षेत्री	जनजाती	दलित	
गंगटीया	६७	९	५३	१०९	८	४१	१७६	१७	९४	२८७
भेरे	३०	८३	३७	३४	६८	१८	६४	१५१	५५	२७०
जम्मा	९७	९२	९०	१४३	७६	५९	२४०	१६८	१४९	५५७

श्रोतःघरधुरी सर्भेक्षण २०७५ जेष्ठ

भेरी नगर पालिका वार्ड नं ६का जम्मा गरीब



माथिको टेवलले देखाएको विषयलाई २ ढंगले विश्लेषण गर्नु पर्ने हुन्छ । विषयलाई प्रस्ट पार्न प्रतिशतमा देखाउने प्रचलन छ ,यसरी देखाउदा कहिले काहि फरक खालको रिजल्ट देखिन सक्छ भेरी नगरपालिकावार्ड नं ६ मा १% भन्नाले बाहुन क्षेत्रीको हकमा २.४० घरधुरी, जनजातीको हकमा १.६८ घरधुरी, दलितको हकमा १.४९ घरधुरी र समग्र वडाको हकमा ५.५७ घरधुरी पर्दछ यस्तो अवस्थामा समान वुझाइले परिणाममा प्रभाव पार्दछ । त्यसैलै यहाँ समग्र वडाको हकमा कति गरिव छन र त्यसमा कुन जातीको कति प्रतिशत हिस्सेदारी छ भन्ने विश्लेषण गरिएकोछ । भेरी नगरपालिका वार्ड नं ६ का कुल २७९ गरीब घरधुरी मध्ये जातीय रुपमा वाहुन क्षेत्री ४०% रहेका छन भने जनजाती ५५% रहेका छन त्यस्तै दलित जाती ६०% रहेकाछन जहाँ १% वरावर सबै जातका लागि २.७९ मुल्य रहेकोछ (यही २.७९ ले स्तम्भ चित्रमा देखाएको % लाई गुणा गर्दा संख्यामा आउछ ।)

जातीय आधारमा गरीब

जातीय आधारमा हेर्दा यो वडामा रहेका घरधुरीलाई वाहुनक्षेत्री, जनजाती तथा दलितका आधारमा विश्लेषण गरिएको छ । यसरी हेर्दा संख्याका आधारमा सबै भन्दा धेरै गरीब वाहुन क्षेत्रीमा रहेकाछन भने प्रतिशतका आधारमा दलित जातीमा रहेकाछन । वाहुन क्षेत्रीका कुल घरधुरी संख्या २४० मध्ये ९७ अर्थात ४०% घरधुरी गरिव छन भने जनजातीका कुल १६८ घरधुरी मध्ये ९२ अर्थात ५५% घरधुरी विपन्न रहेकाछन त्यसै गरी

दलितका कुल १४९ मध्ये ९० अर्थात ६०% घरधुरी विपन्न रहेकाछन। यसमा १% वरावर वाहुनक्षेत्रीमा २.४० जनजातीमा १.६८ र दलित जातीमा १.४९ हुन्छ।



६.घरजग्गामा महिलाको स्वामित्व सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को कुल जनसंख्या ३०७५ मध्ये महिलाको जनसंख्या १५४० अर्थात करिव ५१% रहेकोछ तर पनि महिलाको नाममा भने केवल १५ घरधुरीमा मात्र घर जग्गा रहेको छ। यो कुल घरधुरी ५५७ को करिव २% हुन आउछ अझैपनि ९८% घरधुरीमा महिलाको नाममा कुनैपनि जग्गा वा घर छैन। जातीय आधारमा हेर्दा वाहुन क्षेत्री मा ६, जनजातीमा ७ र दलित जातीमा २ घरधुरीमा मात्र महिलाको नाममा अचल सम्पत्ति रहेको देखिन्छ। महिलाको स्वामित्वलाई अझ प्रष्ट वनाउनका लागि घर जग्गा दुवै भएका घर मात्र भएका र जग्गा मात्र भएका गरी तीन खण्डमा विभाजन गरिएकोछ जसको जातीय वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	वाहुन क्षेत्री			जनजाती			दलित		
	घर जग्गा दुवैम	जग्गामा मात्र	घरमा मात्र	घर जग्गा दुवैम	जग्गामा मात्र	घरमा मात्र	घर जग्गा दुवैम	जग्गामा मात्र	घरमा मात्र
गंगटीया	३	०	०	१७३	०	०	०	१७	१
भेरे	३	०	०	६१	७	०	०	१४४	१
जम्मा	६	०	०	२३४	७	०	०	१६१	२

श्रोतःघरधुरी सर्भेक्षण २०७५ जेष्ठ

७.परिवारको स्वामित्वमा रहेको जग्गा सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा कुल ५५७ घरधुरी मध्ये १४८ अर्थात २७% घरधुरीले हाल चर्चेको जग्गा ५ रोपनि भन्दा कम रहेकोछ। (तथ्याङ्क संकलनका आधारमा लिइएको विवरण हुनाले प्राविधिक रुपमा नमिल्न पनि सक्ने अवस्थाछ) भने ३४५ घरधुरी अर्थात ६२% घरधुरीकोमात्र ५ देखि १५ रोपनी सम्म रहेकोछ। त्यसैगरी १५ रोपनी भन्दा वढी र ३० रोपनी भन्दा कम जग्गा भएका घरधुरीको संख्या ५९ अर्थात ११% रहेकोछ भने ३०

रोपनी भन्दा वढी जग्गा भएका घरधुरीको संख्या ४ अर्थात १% रहेकोछ । पारिवारको स्वामित्वमा रहेको जग्गा सम्बन्धीको वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वार्ड नं	१ देखि ५ रोपनीसम्म	५ देखि १५रोपनी सम्म	१५ देखि ३०रोपनी सम्म	३० देखि ५०रोपनी सम्म	५० रोपनी भन्दामाथि	जग्गा नभएका
गंगटीया	७०	१८९	२७	१	०	०
भेरे	७८	१५६	३२	३	१	०
जम्मा	१४८	३४५	५९	४	१	०
प्रतिशत	२७%	६२%	११%	१%	०%	०%

८.सिंचाई सुविधा उपलव्धता सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा कुल खेतीयोग्य जमीन मध्ये ४६६५ रोपनी मात्र उपयोग गरिएकोछ (प्राविधिक रुपमा यो विवरण फरक हुन सक्छ) जसमध्ये वाह्रै महिना सिंचाइको सुविधा भएको ¸वर्षायाममा सिंचाईको सुविधा भएको र सुख्खा गरी तीन भागमा विभाजन गरेर विवरण संकलन गरिएकोछ । यो वडाको कुल खेतीयोग्य जमिन मध्ये जातीय आधारमा वाहुनक्षेत्री को २३७९ रोपनी ¸जनजातीको १४६० रोपनी र दलित जातीको ८२६ रोपनी रहेको छ । समग्रमा कुल खेति गरिएको जग्गा मध्ये १२२६ रोपनीमा वाह्रै महिना सिंचाई सुविधा उपलव्ध छ भने २३५८ रोपनीमा मौसमी सिंचाइको सुविधा रहेको छ र ११८१ रोपनी जग्गा सुख्खा छ । वडाको खेती गरिएको जग्गाको सिंचाइको अवस्थाका विवरण तल प्रस्तुत गरिएको छ ।

वस्तिहरु	वाहुनक्षेत्री (रोपनी)			जनजाती (रोपनी)			दलित (रोपनी)			जम्मा		
	सिंचाइ हुने अवधी			सिंचाइ हुने अवधी			सिंचाइ हुने अवधी			सिंचाइ हुने अवधी		
	१२महिना	मौसमी	सुख्खा	१२महिना	मौसमी	सुख्खा	१२महिना	मौसमी	सुख्खा	१२महिना	मौसमी	सुख्खा
गंगटीया	३६५	८२८	५४६	२९	३१	१३	१३२	२७५	१९६	५२६	११३४	७५५
भेरे	११२	४१८	११०	४३४	६८१	२७२	५४	१२५	४४	६००	१२२४	४२६
जम्मा	४७७	१२४६	६५६	४६३	७१२	२८५	१८६	४००	२४०	११२६	२३५८	११८१
प्रतिशत	२०%	५२%	२८%	३२%	४९%	२०%	२३%	४८%	२९%	२४%	५१%	२५%

माथि उल्लेखित विवरणलाई तल स्तम्भ चित्र मार्फत देखाइएकोछ ।



श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

९.घरपालुवा पशुपंक्षी सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ का हरेक घरधुरीमा व्यवसायिक रुपमा नभई आफ्नो उपभोग को लागि पशुपालन गर्ने प्रचलन रहेकोछ। हाल यो वडामा उपलव्ध पशुपंक्षिहरुको विवरणले यहीकुरा पुष्टि गर्दछ। विशेष गरी गाई ,गोरु ,भैसी ,वाख्रा, वंगुर, घोडा भेडा लगायत कुखुरा परेवा आदी पालन गर्ने गरिएकोछ। हाल पालन गरिएका पशुपंक्षीहरुको वस्तीस्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	घरपालुवा पशु पंक्षीको विवरण									
	गाई	गोरु	भैसी	राँगा	वाख्रा	भेडा	वंगुर	कुखुरा	परेवा	हाँस
गंगटीया	३१४	५३७	१९७	१०२	८१६	२०७	१४	८१०	२७	०
भेरे	४७५	४८३	१६२	९३	१३१०	१९३	१	१४०९	१५	०
जम्मा	७८९	१०२०	३५९	१९५	२१२६	४००	१५	२२१९	४२	०

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

१०.आर्थिक सम्पन्नता सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६माको खाद्यान्न आत्म निर्भरताका वारेमा माथि प्रसस्त उल्लेख गरिएकोछ। समग्रमा हाल यो गाउँपालिकमामा रहेका कुल गरीव तथा धनी वर्गको एकै तालिकामा राखेर विश्लेषण गरिएको विवरण तल प्रस्तुत गरिएकोछ। जसमा यो वडाका वैदैशिक रोजगारको आम्दानी वाहेक र सहित कति कति को संख्यामा गरिव छन कतिको संख्यमा धनी छन भन्ने विवरण वार्डस्तरीय रुपमा तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	वैदेशिक रोजगार वाहेक को अवस्था					वैदेशिक रोजगारसहितको अवस्था				
	अति गरीब	गरीब	मध्यम	सम्पन्न	जम्मा	अति गरीब	गरीब	मध्यम	सम्पन्न	जम्मा
गंगटीया	२३	६७	६३	१३४	२८७	१६	५१	६२	१५८	२८७
भेरे	५७	७२	४१	१००	२७०	४५	६४	४१	१२०	२७०
जम्मा	८०	१३९	१०४	२३४	५५७	६१	११५	१०३	२७८	५५७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

माथि उल्लेखित तालिकामा अति गरिव भन्नाले आफ्नो उत्पादन वा कमाइले अधिकतम ३ महिना संम्म जीवन नीर्वाह हुने परिवार संख्या, गरीव भन्नाले आफ्नो उत्पादन वा कमाइले अधिकतम ६ महा सम्म जीवन निर्वाह हुने परिवार संख्या ,मद्यम भन्नाले आफ्नो उत्पादन वा कमाईले अतिकतम ९ महिना सम्म जीवन निर्वाह हुने परिवार संख्या र सम्पन्न भन्नाले आफ्नो उत्पादन वा कमाईले न्युनतम १२ महिना जीवन निर्वाह हुने परिवार संख्या भन्ने वुझंनु पर्दछ र यसमा दाया र वाँया प्रमुख खण्डमा वैदेशिक रोजगर बाट प्राप्त आम्दानी वाहेक र सहितको विवरण प्रस्तुत गरिएको छ जसलाई तल स्तम्भ चित्रमा पनि देखाइएकोछ



श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ



तः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

११. शिक्षा सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को कुल जनसंख्या ३०७५ रहेको छ भने ५ वर्ष भन्दा मुनिको जनसंख्या ४३५ रहेकोछ। यो संख्या घटाउदा ५ वर्ष भन्दा माथिको जनसंख्या २६४० हुन आउछ त्यसैका आधारमा शैक्षिक विवरण प्रस्तुत गरिएकोछ। यो वडाको कुल जनसंख्याको १२% अर्थात ३०७ जना निराक्षर रहेका छन। वाँकी रहेका ८८% जनसंख्या मध्ये ४१% अर्थात १०९१ जना साक्षार (सामान्य पढ्न र लेख्न सक्ने) रहेकोछ भने १९% अर्थात ४९३ जना कक्षा पाँच सम्म अध्ययन गरेको जनसंख्या रहेको छ। त्यसैगरी कुल जनसंख्याको १५% अर्थात ४०६ जना दश कक्षा सम्म अध्ययन गरेको जनसंख्या रहेको छ भने ७% अर्थात १७२ जनसंख्या एस एल सी सम्म अध्ययन गरेकाछन। प्रमाणपत्र तह पास गरेको ४% अर्थात १०८¸स्नातक तह पास गरेको २% अर्थात ४१ र स्नातकोत्तर तह पास गरेको १% अर्थात २० रहेकोछ। शिक्षा सम्बन्धी विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	निराक्षर	साक्षर	५ कक्षा पास	१० कक्षा पास	SLC	प्रमाणपत्र तह	स्नातक तह	स्नातकोत्तर	तह नखुलेको	कुल जम्म
गंगटीया	१६६	५५४	२८६	१९३	७१	४७	११	९	०	१३३७
भेरे	१४१	५३७	२०७	२१३	१०१	६१	३०	११	०	१३०३
जम्मा	३०७	१०९१	४९३	४०६	१७२	१०८	४१	२०	०	२६४०
प्रतिशत	१२%	४१%	१९%	१५%	७%	४%	२%	१%	०%	१००%

११.१.स्कुल नगएका र विचैमा कक्षा छोडेका वालवालिकाको विवरण

पछिल्लो समयमा शिक्षा क्षेत्रमा सरकारको लगानी अविभावक को चासो र स्वयम विद्यार्थीहरुको चाहना र देखासिकि समेतको कारणले गर्दा विद्यालय नजाने वालवालिकाहरुको दिन प्रतिदिन घट्दै आइरहेकोछ । तैपनि कहि कतै यस्तो अवस्था अझैछ । यो वडामा गरिएको अध्ययनमा विद्यालय नगएका वा विचैमा कक्षा छोडेका विद्यार्थिहरुको संख्या गंगटियामा १ र भेरेमा ८ गरि जम्मा ९ जना रहेका छन् ।

११.२.निराक्षर जनसंख्या सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को १४ प्रतिशत अर्थात ३०७ जनसंख्या निराक्षर रहेकोछ । निराक्षर जनसंख्या भित्र विशेष गरेर जेष्ठ नागरिकहरु लगायत अन्य रहेकाछन । जातीय आधारमा १३० जना वाहुन क्षेत्री,७७ जना जनजाती र १०० जना दलित जाती रहेकाछन भने लिङ्गीय आधारमा १५५ जना महिला र १५२ जना पुरुष रहेकाछन । लिङ्गीय रुपमा यो संख्या हेर्दा महिला ५०% र पुरुष ५०% निरक्षर रहेकाछन । यो वडाको जातीय लिङ्गीय र बस्ती विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	वाहुनक्षेत्री		जनजाती		दलित		जम्मा		
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	जम्मा
गंगटीया	३८	५०	२	४	३५	३७	७५	९१	१६६
भेरे	२५	१७	४१	३०	१४	१४	८०	६१	१४१
जम्मा	६३	६७	४३	३४	४९	५१	१५५	१५२	३०७

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

११.३.साक्षरता दर सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को साक्षरता ८६% रहेकोछ । यहाँको कुल जनसंख्या २६४० (५ बर्ष भन्दा माथिको मात्र जनसंख्या) मध्ये २६६ अर्थात १४% भन्दा वाहेक सबै जनसंख्या साक्षार रहेकोछ । जातीय आधारमा हेर्दा वाहुन क्षेत्री मा ८७% साक्षार रहेका छन भने जनजातीमा ९२% र दलित जातीमा ८२% साक्षरता रहेकोछ । जातीय र वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	वाहुनक्षेत्री			जनजाती			दलित		
	जनसंख्या	निरक्षर	साक्षरता	जनसंख्या	निरक्षर	साक्षरता	जनसंख्या	निरक्षर	साक्षरता
गंगटीया	८१३	८८	८९%	७१	६	९२%	४५३	७२	८४%
भेरे	३०३	४२	८६%	७६२	७१	९१%	२३८	२८	८८%
जम्मा	१११६	१३०	८८%	८३३	७७	९१%	६९१	१००	८६%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

१२.वार्षिक आम्दानि सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को वार्षिक आम्दानी ७ करोड ८ लाअ ४२ हजार रहेकोछ। यहाँको जनसंख्याको आधारमा हेर्दा प्रतिव्यक्ति आम्दानी २३ हजार ३८ रुपैया हुन आउछ। वार्षिक आम्दानीको प्रमुख श्रोतहरुमा कृषि पशुपालन,व्यापार,उद्योग व्यवसाय,नोकरी,ज्यालादारी तथा वैदेशिक रोजगारी आदी रहेका छन। वार्षिक आम्दानी जुन जुन पेशा व्यवसाय बाट प्राप्त भएको छ। हाल यो वडामा पेशा व्यवसायमा संलग्न व्यक्ति तथा वार्षिक आम्दानी को वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

व्यावसायमा संलग्न जनसंख्या सम्बन्धी विवरण

वस्ती	कृषि	व्यापार	उद्योग व्यवसाय	नोकरी	ज्यालादारी	राजनीति	वैदेशिक रोजगार	जम्मा
गंगटीया	४४२	१८	२	१००	११३	०	३३	२५०
भेरे	५०५	४	०	८०	६४	०	२८	२६८
जम्मा	९४७	२२	२	१८०	१७७	०	६१	५१८
प्रतिशत	५०%	१%	०.१%	९%	९%	०%	३%	२७%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

श्रोतअनुसार वार्षिक आम्दानी सम्बन्धी विवरण (रु हजारमा)

वस्ती	कृषि पशुपालन	व्यापार	उद्योग व्यवसाय	नोकरी			ज्याला	राजनीति	वैदेशिक रोजगार	जम्मा
				नीजि	सरकारी	गैह्र सरकारी				
गंगटीया	१३६५७	९२२	१८५	४९०५	३३६०	५०१	९७०७	०	४३१०	३७५४७
भेरे	१५०२४	२३०	०	६७२०	३७७६	२००	४१४५	०	३२००	३३२९५
जम्मा	२८६८१	११५२	१८५	११६२५	७१३६	७०१	१३८५२	०	७५१०	७०८४२
प्रतिशत	४०%	२%	०%	१६%	१०%	१%	२०%	०%	११%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

माथि उल्लेखित तालिकालाई अध्ययन थप सहजता प्रदान गर्न तपशिल अनुसार स्तम्भ चित्र मार्फत देखाइएकोछः



माथि उल्लेखित चित्रमा दिइएको विवरण र सुरुमा व्यवसायमा संलग्नता देखाएको स्तम्भ चित्रमा % फरक पर्नुको कारण यसमा विद्यार्थी र पेशहीन लाइ समावेस नगरिएकोले गर्दा हो ।



१३. वार्षिक उत्पादन सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को वार्षिक उत्पादन सम्बन्धी विवरणमा मुख्य रुपमा ७ भागमा वाडिएको छ । ती खण्डहरुमा अन्नवाली,नगदेवाली,पशुजन्य उत्पादन,तेलहन वाली,दलहन वाली,तरकारी अन्तरगत आलु र फलफुल समावेस गरिएकोछ । अन्न वाली मा धान, मकै, कोदोर गहुँ नगदे वालीमा अलैची, अम्लिसो,अदुवा, पशुजन्य उत्पादनमा दुध, मासु, अण्डा,तेलहनमा तोरी,सस्यौं र दलहनमा मास सीमि मस्याम,तरकारी अन्तरगत आलु र फलफुल अन्तरगत यो वडामा उत्पादन हुने फलफुलहरुको वारेमा विवरण संकलन गरिएकोछ । वार्षिक उत्पाद अनुसार यो वडाकोविवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	अन्नवाली (मुरीमा)				तोरी (मुरि)	दाल (मुरी)	आलु (केजी)
	धान	मकै	गहु	कोदो			
गंगटीया	७८२	११८७	७६३	८०	१३१	३७	७८५०
भेरे	२४८	११४८	६९८	१३४	१८७	२५	३२२६
जम्मा	१०३०	२३३५	१४६१	२१४	३१८	६२	११०७६

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

वस्ती	नगदेवाली (केजी)			फलफुल	पशुजन्य			अन्य
	अलैची	कुचो	अदुवा		दुध (लिटर)	मासु (केजी)	अण्डा (गोटा)	
गंगटीया	५९	९	९	४७२	६०९५०	११४५०	८१००	०
भेरे	०	०	४	१७२	७३०८०	१७१४७	१४०९०	०
जम्मा	५९	९	१३	६४४	१३४०३०	२८५९७	२२१९०	०

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

१४. वार्षिक उत्पादनको खपत सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को वार्षिक रुपमा उत्पादन भएका वस्तुहरुमा धान, गहुँ, कोदो दुध, मासु , अन्डा वाहेक सबैको खपत स्थानीय स्तरमा नै हुन्छ र वाहिर बाट थप ल्याएर जीविकोपार्जन गर्नु पर्ने अवस्थाछ । माथि उल्लेखित सबैवालीहरुको खपत कति हुन्छ ? भन्ने वारेमा घरधुरी स्तरमा विवरण संकलन गरिएको थियो जसको वस्ती स्तरीय विस्तृत विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	अन्नवाली (मुरीमा)				तोरी (मुरि)	दाल (मुरी)	आलु (केजी)
	धान	मकै	गहु	कोदो			
गंगटीया	७४४	७०७	५५३	६२	२७२	२५९	९४६६
भेरे	७२५	७६३	५२८	१२३	२३१	२८२	६२४६
जम्मा	१४६९	१४७०	१०८१	१८५	५०३	५४१	१५७१२

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

वस्ती	नगदेवाली (केजी)			फलफुल	पशुजन्य			अन्य
	अलैची	कुचो	अदुवा		दुध (लिटर)	मासु (केजी)	अण्डा (गोटा)	
गंगटीया	३४	०	४९	२९२८	२७३४	३४०९	२२४१	५१
भेरे	२०	१	६५	३६१२	२१९०	३९०३	१४१७	०
जम्मा	५४	१	११४	६५४०	४९२४	७३१२	३६५८	५१

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

माथि उल्लेखित विवरण अनुसार भेरी नगरपालिका वार्ड नं ६ गहुँ, कोदो तथा पशुजन्य उत्पादनमा आत्म निर्भर देखिएको छ भने अन्य उत्पादनले वार्षिक खपत पुरा गर्न सकेको छैन। यो वडाले वार्षिक रुपमा धान ४३९ मुरी, १८५ मुरी तोरी, ४७९ मुरी दाल र ४६३६के जि आलु वाहिरबाट आयात गर्नु पर्ने हुन्छ।

१५. वार्षिक खर्च सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ को वार्षिक खर्च सम्बन्धी विस्तृत अध्ययन गरिएको छ। जीवन निर्वाहका लागि आवश्यक पर्ने नियमित खर्चका विषयहरुलाई सुक्ष्म रुपमा प्रस्तुत गरिएकोछ। आवासको व्यवस्था भइसकेको हुनाले आवासलाई भने समावेस गरिएकोछैन । समावेश गरिएका विषयहरुमा खाना ,कपडा , शिक्षा, स्वास्थ्य,चाडपर्व, पशुआहार,पशुस्वास्थ्य, संचार,यातायात,अम्मल,ऋणको व्याज र अन्य गरी १२ वटा शिर्षकमा सूचना संकलन गरिएको थियो जसकोवार्षिक खर्च सम्बन्धी वस्ती स्तरीय विवरण टेवल तथा स्तम्भ चित्रको माद्यम बाट तल प्रस्तुत गरिएकोछः (विवरण रु हजारमा)

वस्ती	खाना	कपडा	शिक्षा	स्वास्थ्य	चाडपर्व	चन्दा	पशु स्वास्थ
गंगटीया	२३३४८	४६७५	२५४३	५६४१	४७०१	४६१	३३१
भेरे	२२४६९	४२२२	२६५१	५४२९	३०१६	९४०	२९७
जम्मा	४५८१८	८८९७	५१९४	११०७०	७७१७	१४०१	६२८
प्रतिशत	५०%	१०%	६%	१२%	८%	२%	१%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

माथिको टेवलको थप खण्ड

वस्ती	मोवाइल	अम्मल	यातायात	व्याज	अन्य	जम्मा
गंगटीया	२२९०	१३०८	३१०	१०१२	१४९	४६७७०
भेरे	२३९४	१५९५	९०३	८८३	८२	४४८८१
जम्मा	४६८४	२९०३	१२१३	१८९५	२३१	९१६५१
प्रतिशत	५%	३%	१%	२%	०%	१००%

माथिको विवरणलाई थप स्पस्ट वनाउनका लागि स्तम्भ चित्र मार्फत तल प्रस्तुत गरिएकोछ। जसमा यो वडाको खर्चको अवस्था देखाइएको छ खाना शिक्षा स्वास्थ्य तथा चाडवाडमा खर्च मुख्य रुपमा केन्द्रित भएको छ। यसलाघ स्तम्व चित्रमा तल प्रस्तुत गरिएको छः



श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

१६. विरामी हुदा पहिलो उपचार सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ का कुल ५५७ घरधुरी मध्ये विरामी हुदा स्वास्थ्य सम्बन्धी कुन उपाय अवलम्वन गर्छन भन्ने वा कुन निकायमा जान्छन भन्ने आधारमा सूचना संकलन गरिएको छ। मुख्य रुपमा स्वास्थ्य संस्था,नर्सिङ होम,औषधिपसल,जडिवुटी प्रयोग गर्ने र धामी झाक्रिकोमा जाने घरधुरीको विवरण संकलन गरिएकोहो। जस अनुसार विरामी हुदा सबैभन्दा पहिलेअस्पताल वा स्वास्थ्य संस्थामा जाने गरेको कुरा वताएका

छन। भेरी नगरपालिका जिल्लाको सदरमुकाम समेत भएको हुनाले यहाका मानिसहरुलाई अस्पताल जान समस्या नभएको हो।जसको वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्तीहरु	अस्पताल जाने	नर्सिङहोम जाने	जडीवुटी प्रयोग गर्ने	औषधि पसल जाने	धामी को मा जाने	अन्य केहि गर्ने	जम्मा घरधुरी
गंगटीया	३८	२	२	१	२४४	०	२८७
भेरे	११५	४६	१	०	१०८	०	२७०
जम्मा	१५३	४८	३	१	३५२	०	५५७
प्रतिशत	२७%	९%	१%	०%	६३%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

१७. प्राकृतिक प्रकोप सम्बन्धी विवरण

सामान्यतया हामीले वुझ्ने भाषामा जसलाई प्रकोप भन्छौ त्यो प्रकोप हैन विपद हो। प्रकोप भनेको विपद पुर्वको अवस्था वा संभावना हो। जस्तो कुनै ठाउमा पहिरो जाने संभावना छ र कुनैपनि वेला त्यहा पहिरो जान सक्छ भने त्यहा पहिरोको प्रकोप छ र जव पहिरो जान्छ त्यसपछि त्यहा विपद आउछ। हामीचाहि पहिरो आइसकेपछि को अवस्थालाई प्रकोप भनिरहेका छौ। संभावित प्रकोपहरुको नक्सांकन गरि त्यसका आधारमा योजना निर्माण गर्नु स्थानीय सरकारको जिम्मेवारी हो। भेरी नगरपालिका वार्ड नं ६ लाई पनि प्रकोपहरुको नक्शांकन गरि योजना तर्जुमा गर्न सहज वनाउनका लागि यहाँको मुख्य वाढी पहिरो आगालागी जस्ता विषयहरुमा प्रकोप सम्बन्धी विवरण संकलन गरिएकोछ जसको वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

बस्तीहरु	पहिरो	वाढी	आगलागी	डुवान	अन्य	जम्मा घरधुरी
गंगटीया	२८६	०	०	०	०	२८६
भेरे	२६९	०	०	०	०	२६९
जम्मा	५५५	०	०	०	०	५५५
प्रतिशत	१००%	०%	०%	०%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

१८. नजिकको स्वास्थ्य संस्था पुग्न लाग्ने समय सम्बन्धी विवरण

स्वास्थ हाम्रो अनिवार्य सर्तहो त्यसैले यसको उपलव्धता कस्तो रहेको छ भन्ने वारेमा विवरण संकलन गरिएको छ। विरामी हुँदा सबैभन्दा पहिले यो वडाका ३७% घरधुरीहरु स्वास्थ्य संस्थामा जाने गरेको विवरण माथि उल्लेख गरिएकोछ। जसको आधारमा स्वास्थ्य संस्थाको उपलव्धतालाई कति पैदल दुरी भित्र रहेकोछ भन्ने आधारमा हेर्दा यो वडाका कुल ५५७ घरधुरी मध्ये ४०% अर्थात २२५ घरधुरीलाई आधा घण्टा, २२% अर्थात १२०

घरधुरीको लागि स्वास्थ्य संस्था पुग्न १ घण्टा र ३८% अर्थात २१२ घरधुरी २ घण्टालाग्ने अवस्था छ। जसको वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	आधा घण्टा सम्म	१ घण्टा सम्म	२ घण्टा सम्म	३ घण्टा सम्म	३ घण्टा भन्दावढी
गंगटीया	२२२	४३	२२	०	०
भेरे	३	७७	१९०	०	०
जम्मा	२२५	१२०	२१२	०	०
प्रतिशत	४०%	२२%	३८%	०%	०%

१९. नजिकको प्रहरी चौकी पुग्न लाग्ने समय सम्बन्धी विवरण

सुरक्षा जनताको अनिवार्य सर्त हो यसको लागि सरकारले विभिन्न स्थानमा सुरक्षा निकायहरु (प्रहरी पोष्ट) स्थापना गरि प्रहरी परिचालन गरेको छ। भेरी नगरपालिका वार्ड नं ६ मा पनि यहाका कुल ५५७ घरधुरी ले प्रहरी चौकी सम्म पुग्न लाग्ने समयका आधारमा विवरण संकलन गरिएको छ। जसका आधारमा हेर्दा यहाँका ५% अर्थात २८ घरधुरी लाई प्रहरी चौकी पुग्न आधाघण्टा समय लाग्छ भने ३६% अर्थात २०३ घरधुरीलाई एक घण्टा सम्म लाग्छ। त्यसैगरी ५९% अर्थात ३२६ घरधुरीलाई २ घण्टासम्म लाग्छ। यो वडाका नजिकको प्रहरी चौकि पुग्न लाग्ने समयका आधारमा घरधुरीको बस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	आधा घण्टा सम्म	१ घण्टा सम्म	२ घण्टा सम्म	३ घण्टा सम्म	३ घण्टा भन्दावढी
गंगटीया	२८	१२९	१३०	०	०
भेरे	०	७४	१९६	०	०
जम्मा	२८	२०३	३२६	०	०
प्रतिसत	५%	३६%	५९%	०%	०%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

२०. नजिकको बैक पुग्न लाग्ने समय सम्बन्धी विवरण

पछिल्लो समयमा वैक प्रायजसो नेपालीहरुका लागि अनिवार्य जतीकै भइरहेको छ। यो देशको प्रमुख श्रोत नै वैदेशिक रोजगार भएकाकारण पनि वैक आवश्यक भएको हो। हाल सामाजिक सुरक्षा भत्ता ,पेन्सन समेत वैक मार्फत नै निकाशा गर्ने नीति अनुरुप पनि यसको महत्व वढ्दै गइरहेको छ। यसै परिप्रेक्षमा यो वडाका कुल ५५७ घरधुरी लाई वैक सम्म पुग्न कति सम्य लाग्छ भन्ने आधारमा सूचना संकलन गरिएको छ। जसका आधारमा हेर्दा ५% अर्थात २८ घरधुरीले आधा घण्टा, ३७% अर्थात २०४ घरधुरीलाई १ घण्टा र ५८% अर्थात ३२५ घरधुरीले २ घण्टा पैदल दुरीमा वैक पुग्ने अवस्था छ। यो वडाको नजिकको वैक पुग्न लाग्ने समय सम्बन्धी वस्ती स्तरीय विवरण तल प्रस्तुत गरिएको छः

वस्तीहरु	आधा घण्टा सम्म	१ घण्टा सम्म	२ घण्टा सम्म	३ घण्टा सम्म	३ घण्टा भन्दावढी	जम्मा
गंगटीया	२८	१३०	१२९	०	०	२८७
भेरे	०	७४	१९६	०	०	२७०
जम्मा	२८	२०४	३२५	०	०	५५७
प्रतिशत	५%	३७%	५८%	०%	०%	१००%

२१.नजिकको बजार पुग्न लाग्ने समय सम्बन्धी विवरण

सामान्यतया कुनै पनि सामाग्रीको किनवेच हुने ठाउलाई वजार भनिन्छ तर पनि यहाँ वजार भन्नाले घरहरु पसलहरु भएको ठाउलाई भन्न खोजिएको हो । जहा सामान्यतया दैनिक रुपमा आवश्यक पर्ने नुन तेल खाद्यान्न लत्ता कपडा छानीछानी किन्न पाइन्छ । यसका आधारमा भेरी नगरपालिका वार्ड नं ६ मा उल्लेखनीय बजार नभए पनिसामान्य व्यापारिक केन्द्रहरुलाई बजार भनिएको छ ।यो वडाका ५% अर्थात २९ घरधुरीलाई नजिकको वजार सम्म पुग्नका लागि आधा घण्टा सम्म समय लाग्छ भने ३७% अर्थात २०४ घरधुरीलाई १ घण्टा र ५८% अर्थात ३२४ घरधुरीलाई २ घण्टा सम्म लाग्छ । यस वडाको वजार सम्म पुग्न लाग्ने समयका आधारमा घरधुरीको विवरण तल प्रस्तुत गरिएको छः

वस्तीहरु	आधा घण्टा सम्म	१ घण्टा सम्म	२ घण्टा सम्म	३ घण्टा सम्म	३ घण्टा भन्दा वढी	जम्मा
गंगटीया	२९	१३०	१२८	०	०	२८७
भेरे	०	७४	१९६	०	०	२७०
जम्मा	२९	२०४	३२४	०	०	५५७
प्रतिशत	५%	३७%	५८%	०%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

२२. कुपोषण लागेका वालवालिका सम्बन्धी विवरण

यो वडामामा कुपोषण भएका वालबालिको विवरण प्राप्त भएको छैन ।

वस्ती	वाहुनक्षेत्री		जनजाती		दलित		जम्मा		
	वालिका	वालक	वालिका	वालक	वालिका	वालक	वालिका	वालक	जम्मा
गंगटीया									
भेरे									
जम्मा									

२३. अकाल मृत्यु सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा विगत ५ वर्षमा अकाल मृत्यु भएको विवरण प्राप्त भएको छैन।

वस्तीहरु	मृत्युकोकारण									
	एड्स/HIV	क्षयरोग	दुर्घटना	क्यान्सर	अत्महत्या	मुटुरोग	मृगौला	प्रसुतीगराउदा	अन्य	जम्मा
गंगटीया										
भेरे										
जम्मा	०	०	०	०	०	०	०	०	०	०

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

२४. फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण

आफ्नो घरमा उत्पादन भएको फोहोर मैला व्यवस्थापन सम्बन्धी सूचना संकलन गरेर हेर्दा भेरी नगरपालिका वार्ड नं ६ मा फोहोर व्यवस्थापन भएको देखिन्छ। करीव ५% घरधुरी वाहेकले कुनै न कुनै रुपमा व्यवस्थापन गरेको देखिन्छ। कुल ५५७ घरधुरी मध्ये ४६% अर्थात २५४ घरधुरीले गाड्ने अथवा कुनै एकिकृत गर्ने ठाउमा फाल्ने गरेको वताए भने ३५% अर्थात १९३ घरधुरीले जल्ने खालका लाई जलाउने र वाँकीलाइ गाड्ने गरेको विवरण दिएका छन। त्यस्तै १६% अर्थात ९१ घरधुरीले सड्ने खालका फोहोर हरुलाई मलखाडीमा फाल्ने गरेको र मल वनाउने गरेको जानकारी दिए। त्यसै गरी ३% अर्थात १९ घरधुरीले जतासुकै फाल्ने गरेको वताए। समग्रतामा फोहोर व्यवस्थापनमा यो वडा केहि हद सम्म सचेत भएको देखिन्छ तर अझ व्यवस्थापनमा जोड दिदै जानु पर्ने अवस्था रहेकोछ। घरधुरीहरुले फोहोर व्यवस्थापन कसरी गरिरहेका छन भन्ने विवरण वस्ती स्तरीय रुपमा तल प्रस्तुत गरिएकोछः

वस्तीहरु	गाड्ने	जलाउने	मल वनाउने	अरुले लैजान्छ	जतासुकै फाल्ने	अन्य	जम्मा
गंगटीया	१३७	७०	६५	०	१५	०	२८७
भेरे	११७	१२३	२६	०	४	०	२७०
जम्मा	२५४	१९३	९१	०	१९	०	५५७
प्रतिशत	४६%	३५%	१६%	०%	३%	०%	१००%

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

२५. सामुदायिक संगठनमा आवद्धता सम्बन्धी विवरण

नेतृत्व क्षमताको विकास र सामाजिक सचेतनाको लागि समुदायिक संगठनको आवद्धता वहुत उपयोगी मानिन्छ। हाल देशका हरेक गाउँगाउँमा विभिन्न प्रकारका सामुदायिक संगठन हरु निर्माण भएकाछन। भेरी नगरपालिका वार्ड

नं ६ को पनि सामुदायिक संगठनमा सकृय रहेका घरधुरीको विवरण संकलन गरिएको छ। कुल ५५७ घरधुरी मध्ये २५८ घरधुरीहरु कुनै न कुनै संगठन वा समुहमा आवद्ध भएकाछन। प्रमुख रुपमा स्थानीय समुदायमा आधारित संगठन,स्थानीय सहकारी उपभोक्ता समिति आमा समुह वन समुह वाल समुह आदीमा संलग्न भएका घरधुरीहरुको विवरण संकलन गरिएको छ जसको वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

वस्ती	CBO मा आवद्ध	वन समुहमा आवद्ध	उपभोक्ता समितिमा आवद्ध	सहकारीमाआवद्ध	वाल समुहमा आवद्ध	आमा समुहमा आवद्ध	अन्य समुहमाआवद्ध	समुहमा आवद्ध घरधुरी	
								आवद्ध नभएका	कम्तिमा एउटामा भएका
गंगटीया	१	२	२	६७	०	२२	०	२०४	८३
भेरे	३	४	१८	१६५	२	११	१	९५	१७५
जम्मा	४	६	२०	२३२	२	३३	१	२९९	२५८

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

२६. वातावरण तथा सरसफाई सम्बन्धी विवरण

वातावरण तथा सरसफाईका लागि भेरी नगरपालिकावार्ड नं ६ मा विभिन्न प्रश्नावलीहरु समावेश गरेर विवरण संकलन गरिएको थियो। जस अन्तरगत सार्वजानिक शौचालय, फोहोर पानी प्रशोधन शाला,पिउने पानी प्रशोधन शाला,फोहोर फाल्ने किटानी ठाउँ,वायो ग्यास प्लान्ट र सरसफाई मजदुर हरु भए नभएको सुचकहरु राखिएको थियो। यो संगै वडा भित्र दमकल,एम्वुलेन्स,शव वाहान, वसपार्क आदि का वारेमा पनि विवरण संकलन गरिएको थियो। हाल यो वडामामाथि उल्लेखितसेवा सुविधा उपलव्ध नभएको पाइयो। यो वडामा नभएपनि सहजताका लागि वातावरण तथा सरसफाई सम्बन्धी विषय वस्तु समावेस गरेर तल प्रस्तुत गरिएकोछः

क्रस	विवरण	छ /छैन	संख्या	संचालक
१	सार्वजानिक शौचालय	छैन	०	०
२	फोहोर पानी प्रशोधन शाला	छैन	०	०
३	पिउने पानी प्रशोधनशाला	छैन	०	०
४	फोहोर फाल्ने किटानी ठाँउ	छैन	०	०
५	वायो ग्यास प्लान्ट	छैन	०	०
६	सरसफाई मजदुर	छैन	०	०
७	दमकल सेवा	छैन	०	०

क्रस	विवरण	छ /छैन	संख्या	संचालक
८	एम्वुलेन्स सेवा	छैन	०	०
९	शव वहान सेवा	छैन	०	०
१०	प्रहरी भ्यान सेवा	छैन	०	०
११	वसपार्क वा स्टेसन	छैन	०	०
१२	वसपार्क छ भने कति गाडी आवत जावत गर्छन	छैन	०	०

श्रोतः घरधुरी सर्भेक्षण २०७५ जेष्ठ

२७. बैक तथा वित्तीय सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा हाल सम्म कुनै वैकहरु स्थापना भएकाछैनन ।भेरि नगरपालिका जिल्लाको सदरमुकाम भएको हुनाले अन्य वार्डहरुबाट पनि सेवा लिइ रहेका छन । हाल यो वार्डमा कृषि उपज संकलन विक्रि तथा उत्पादनमा सहयोग गर्ने गरि स्थापना भएको रातोपाण्डा कृषि सहकारी रहेकोछ जसको विवरण तल प्रस्तुत गरिएको छ ।

क्रस	वैक वावित्तीय संस्थाको नाम	वस्ती	स्थापना वाखुलेको वर्ष	मुख्य रुपमाप्रवाह गर्ने सेवाहरु
१	रातोपाण्डा कृषि सहकारी संस्था लि	भेरे	२०७१	कृषि उपज उत्पादन र बिक्री

श्रोतः स्थानीय सहकारी तथा नगरपालिका

२८. धार्मिक स्थल सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा रहेका धार्मिक स्थलहरुमा मुख्यगरी हिन्दु धर्म संग सम्बन्धीत मन्दिर हरु रहेका छन भने अन्य धर्म संग सम्बन्धीत धार्मिक स्थलहरु यहाँ रहेका छैनन । यो वडामा धार्मिक स्थलहरुको विवरण तल प्रस्तुत गरिएकोछः

क्र स	मन्दिर	गुम्वा	मस्जिद	चर्च
१	मालिका मन्दिर			
२	कृष्ण मन्दिर			
३	भैरव मन्दिर			
४	कालिका मन्दिर			
५	सन्द्रा सैना मन्दिर			

श्रोतः वार्ड कार्यालय

२९. विद्यालय

२९.१. विद्यालयको संख्यात्मक विवरण

भेरी नगरपालिकावार्ड नं ६मा स्कुल जाने उमेरका (५ देखि १४ वर्ष सम्मका) ७३२ जना अर्थात २४% जनसंख्या रहेकोछ। यो उमेर भन्दा माथिको जनसंख्या पनि विद्यालयमा पढ्ने गर्छ। हाल यो वडामा जम्मा २ वटा सरकारी विद्यालयहरु र २ वटा निजि विद्यालयहरु रहेकाछन जसमध्ये२ वटै निजि विद्यालय प्रावि हुन भने सरकारी विद्यालयमा एउटा निमावि र एउटा मावि रहेकाछन। जसको विवरण तल प्रस्तुत गरिएकोछ।

क्र स	विवरण	सरकारी	सामुदायिक	निजि	कुल जम्मा	कैफियत
१	प्राथमिक विद्यालय	०	०	२	२	
२	निम्न माद्यमिक विद्यालय	१	०	०	१	
३	माद्यमिक विद्यालय	१	०	०	१	
	जम्मा	२	०	२	४	

श्रोतः शिक्षा शाखा नगरपालिका

२९.१.विद्यालयमा शौचालय सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा रहेका सबै (२ वटा सरकारी र २ वटा निजि) विद्यलयहरु मा चर्पीको व्यवस्था छ साथै प्रयोगका हिसावले पनि चार वटै संस्था मध्ये २ वटामा छात्र छात्रा तथा शिक्षकका लागि अलग अलग चर्पी व्यवस्था छभने ती मध्ये २ वटामा सबैले एउटै प्रयोग गर्ने खालको चर्पी रहेकोछ। विद्यालयमा भएका शौचालय सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ।

वार्ड नं	कुल विद्यालय संख्या	चर्पी नभएका विद्यालय संख्या	चर्पीकोविवरण (विद्यालय संख्या लेख्ने)				
			सबैले एउटै प्रयोग गर्ने	छात्रछात्रालाई छुट्टै भएको	शिक्षकविद्यार्थी लाई छुट्टै भएको	अपाङ्ग मैत्री	कैफियत
गंगटिय	२	०	१	१	१	०	
भेरें	२	०	१	१	१	०	
जम्मा	४	०	२	२	२		

श्रोतः शिक्षा शाखा नगरपालिका

२९.३.तहगत शिक्षक सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा रहेका विद्यालयमा कुल १४ जना शिक्षक हरु कार्यरत रहेकाछन जसमध्ये प्रावि तहमा ८ जना,आवि मा ४ जना र माविमा २ जना शिक्षकहरु कार्यरत रहेकाछनलिङ्गीय रुपमा कुल १४ जना शिक्षकहरु मध्ये ८ जना महिला रहेका छन। त्यसै गरी स्वीकृत दरवन्दीमा कार्यरत ४ जना परियोजनामा४ जन राहतमा २ जना र निजि श्रोतमा ४ जना शिक्षकहरु रहेका छन। कुल १४ जना मध्ये ४ जना स्थायी शिक्षकहरु रहेकाछन जसको विवरण तल प्रस्तुत गरिएकोछ।

तह	स्वीकृतदरवन्दीमा कार्यरत					परियोजना		राहत		निजि श्रोत		कुल जम्मा
	म	पु	जम्मा	स्थाइ		म	पु	म	पु	म	पु	
				म	पु							
प्रा वि	२	२	४	२	२	०	१	०	१	०	२	८
आ वि	०	०	०	०	०	०	२	०	१	०	१	४
मा वि	०	०	०	०	०	०	१	०	०	०	१	२
जम्मा	२	२	४	२	२	०	४	०	२	०	२	१४

श्रोतः शिक्षा शाखा नगरपालिका

२९.४. शिक्षक तथा विद्यार्थी अनुपात सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा रहेका सरकारी विद्यालयमा कार्यरत १२ जना शिक्षक र २ वटा निजी विद्यालयमा २ जना गरी १४ जना शिक्षक ती शैक्षिक संस्थामा अध्ययनरत७६७ जना विद्यार्थीको लागि पर्याप्त हुन कि हैनन भन्ने हिसावले विवरण संकलन गरिएको छ जसको आधारमा यहाका औषत शिक्षक विद्यार्थी अनुपात १:५४.७८ रहेको छ। विद्यालय स्तरीय रुपमा शिक्षक तथा विद्यार्थिको संख्या तथा अनुपातका विषयमा विस्तृत विवरण तल प्रस्तुत गरिएकोछः

क्र स	विद्यालयको नाम	विद्यार्थी संख्या	शिक्षक संख्या	शिक्षक विद्यार्थी अनुपात	कैफियत
१	भगवती आ बि गंगटिया	२७५	५	५४. ४०	
२	लक्ष्मी मा बि भेरें	४३६	७	६२. २८	
३	कृष्णा प्रा बि सन्द्रासैना	२९	१	२९	
४	बवियार प्रा बि भेरें	२७	१	२७	
	जम्मा	**७६७**	**१४**	**५४.७८**	

श्रोतः शिक्षा शाखा नगरपालिका

३०. सडक सञ्जाल सम्बन्धी विवरण

भौतिक पुर्वाधार विकासको हिसावले सडक संञ्जालमा यो वार्ड नं ६ जोडिएको छ। हाल सम्म ५ वटा सडक हरु मौसमी रुपमा संचालित अवस्थमा छन। पछिल्लो समय देशका अन्य क्षेत्रहरु जस्तै यो वडामा पनि कच्ची वाटो निर्माण ले तिव्रता पाएकोछ। हाल सम्म यो वार्ड भित्र रहेको सडक हरुको विवरण तल प्रस्तुत गरिएकोछ।

क्र स	सडकको नाम	पालिकाभित्र सडकको अवस्थिति		वार्ड भित्रकोदुरी	हालकोअवस्था
		देखि	सम्म		
१	खलंगा काफलचौर भेरेखर्क कृषि सडक	खलंगा	भेरेखर्क		संचालनमा रहेको
२	जगतिपुर मछाइना कृषि सडक	जगतिपुर	मछाइना		संचालनमा रहेको
३	स्याउली बजार नेटा ग्रामिण कृषि सडक	स्याउली	गंगटिया		संचालनमा रहेको
४	मेलटाकुरी काफलचौर कृषि सडक	काफलचौर	परिखोला		अबरुद्ध
५	नेटा खलंगा कृषि सडक	नेटा	पाल्ले		अबरुद्ध

श्रोतः नगरपालिका तथा वार्ड कार्यालयहरु

३१. व्यापारिक केन्द्र सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६कोमुख्य वजार केन्द्र भनेको जाजरकोट सदरमुकाम खलङ्गा वजार हो भने व्यापारिक प्रयोजनका लागि सुर्खेत सल्यान तथा बाँके जिल्लाको नेपालगंज वजार हरु समेत यहाका जनताले उपयोग गर्ने गरेकाछन। यो वार्ड नं ६ भित्र साना ठुला पसल भएका व्यापारिक केन्द्रहरु रहेकाछन। यहाँ उत्पादित अन्न तथा पशुजन्य उत्पादन साथै किराना सामाग्री र लत्ताकपडा विक्रि वितरण हुने गर्दछ। जसको विवरण तल प्रस्तुत गरिएकोछ।

क्र स	व्यापारिककेन्द्रको नाम	पुरा ठेगाना	व्यापारहुने मुख्य वस्तु तथा सेवाहरु	कैफियत
१	नेटा बजार	भेरी नगरपालिका ६ जाजरकोट	दैनिक उपभोग्य बस्तुहरु	
२	घाग्रे बजार	भेरी नगरपालिका ६ जाजरकोट	दैनिक उपभोग्य बस्तुहरु	
३	दह बजार	भेरी नगरपालिका ६ जाजरकोट	दैनिक उपभोग्य बस्तुहरु	
४	भेरेंखर्क बजार	भेरी नगरपालिका ६ जाजरकोट	दैनिक उपभोग्य बस्तुहरु	
५	मछाइना बजार	भेरी नगरपालिका ६ जाजरकोट	दैनिक उपभोग्य बस्तुहरु	

श्रोतः नगरपालिका तथा वार्ड कार्यालय

३२. खेल मैदान सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा व्यवसायिक प्रयोजनका लागि निर्माण भएका खेलमैदान हरु छैनन भने विद्यार्थीहरु खेल्नको लागि विद्यालय कम्पाउण्डमा खेलमैदान हरु रहेकाछन । हाल भेरी नगरपालिका खेलमैदानको निर्माण कार्य समेत भइरहको छ ।

३३.वालवालिका सम्बन्धी विवरण

३३.१.पार्क तथा वालउद्यान सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा वालवालिकाका लागि वाल उद्यान तथा पार्कहरु व्यवस्थापन गरिएका र व्यवसायिक प्रयोजनका लागि खोलिएका छैनन । यो वडामा व्यवस्थापन गर्न सके प्राकृतिक हिसावका पार्कहरु भने प्रसस्त रहेकाछन । हाल यस्तो प्रकारको कुनै पनि पहल नगरिएको हुनाले यहाँ उल्लेख गरिएको छैन ।

३३.२. बाल क्लव सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा वालवालिकाकाको सर्वाङ्गिण विकासका लागि वाल क्लव हरु निर्माण गरि परिचालन गरिएका छन वालवालिकाको हक हितका लागि वोल्ने आफ्ना कुराहरु सम्बन्धीत सरोकारवाला निकायहरु समक्ष राख्ने तथा क्षमता विकास संग सम्बन्धीत विभिन्न कृयाकलाप हरु गर्ने गरि १८ वर्ष उमेर नपुगेका वालवालिकाहरु सदस्य रहने वाल क्लवहरुको गठन हुने प्रावधान रहेपनि यो वार्डमा वाल क्लव हरु निर्माण भएका छैनन । वार्ड स्तरमा वालक्लवहरु गठन भएपस्चात अद्यावधिक गर्नका लागि सजिलो होस भनेर संख्यात्मक विवरण उल्लेख गर्ने तालिका निम्नानुसार तल प्रस्तुत गरिएकोछः

वस्ती	वाल क्लवको संख्या	सदस्य			कैफियत
		वालक	वालिका	जम्मा	
गंगटीया	१	८	५	१३	
भेरे	१	७	८	१३	

श्रोतः जिल्ला वाल कल्याण समिति

३३.३. बाल क्लव तथा वाल समुहले प्रतिनिधित्व गरेका संघ संस्थाको विवरण

पछिल्लो समयमा नीतिगत रुपमा नै वालवालिकाहरुलाई विभिन्न संघ संस्थाहरुमा सहभागी गराउनको लागि व्यवस्था गरिएको छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत वडा नागरिक मञ्च लगायतमा वाल सहभागिता सुनिश्चित गरिएको थियो ऐले वाल मैत्री स्थानीय शासन व्यवस्थाका लाई अंगिकार गर्ने नीति अनुरुप पनि विभिन्न संघ संस्थामा वालवालिकाको संलग्नता रहेको हुन्छ । हाल यहाँ त्यस प्रकारका समितिहरुको विवरण प्राप्त भएको छैन ।

क्रस	समितिको नाम	लिङ्ग			कैफियत
		वालक	वालिका	जम्मा	
१					
२					

३३.४. कामदारको रुपमा घरबाट वाहिर गएका वालवालिकाको विवरण

भेरी नगरपालिकावार्ड नं ६मा दैनिक जिविको पार्जनमा समस्या भएका धेरै घरधुरीहरु रहेका छन जसको वारेमा माथि विस्तृत विश्लेषण गरिएकोछ। जीवन निर्वाहकै लागि पनि घरबाट वाहिर गएका वालवालिकाहरु पनि रहेकाछन। प्राप्त सूचनाका आधारमा ५जना वालवालिकाहरु घरबाट वाहिर गएकाछन । विशेष गरी घरेलु कामदार होटल रेस्टुरेन्ट उद्योग व्यवसाय लगायत अन्य खलासी लागायत का काम गर्नको लागि वालवालिकाहरु घर छोडेर हिड्ने गरेकाछन। घरमा खाने लाउने को चरम समस्या भएको हुनाले अविभावकले पनि रोक्न खोजेको देखिदैन। विशेष गरेर यो वडाका वालवालिकाहरु जाजरकोटकै सदरमुकाम लगायत सुर्खेत नेपालगञ्ज वुटवल हुदै काठमाडौ सम्म पनि विभिन्न प्रकारको श्रमका लागि गएको पाइएको छ। ती वालवालिकाहरुको विवरण तल प्रस्तुत गरिएको छ।

कामको विवरण	वालिका संख्या	वालक संख्या	जम्मा	कैफियत
घरेलु कामदार	०	०	०	
होटल रेस्टुरेन्ट	०	१	१	
उद्योग व्यवसाय	०	२	२	
अन्य मजदुरी	०	२	२	

श्रोतः वाल कल्याण समिति तथा नगर पालिका र अन्य संघ संस्था

३३.५. १८ वर्ष भन्दा कम उमेरमा विवाह गरेका वालवालिकाको विवरण

भेरी नगरपालिकावार्ड नं ६मा वाल विवाह प्रसस्तै भएको छ तर यो संख्या कति छ भन्ने स्पस्ट तथ्याङ्क छैन। पछिल्लो समय संचार तथा सामाजिक संजालको वढ्दो विकास क्रम संगै वाल विवाहले प्रश्राय पाउन थालेको छ। वाल कल्याण समिति तथा महिला तथा वालवालिका विकास कार्यालय संग रहेको तथ्याङ्कको आधारमा हेर्दा ५६ वालिका तथा ४२ वालकको विवाह १८ वर्ष भन्दा पहिले नै भएको छ।

वालिका संख्या	वालक संख्या	जम्मा	कैफियत
५६	४२	९८	

३३.६. परिवार विहिन वालवालिकाको विवरण

भेरी नगरपालिकावार्ड नं ६मा परिवार विहिन वालवालिकाहरुको संख्या पनि तुलानात्मक रुपमा वढी भएको पाइएकोछ । परिवारमा अविभावकत्व प्रदान गर्ने व्यक्ति नभएका वालवालिकाहरु आफन्तको संरक्षणमा रहेका वालवालिकाहरुसंस्थागत संरक्षणमा रहेका वालवालिकाहरु¸सडक वालवालिकाहरु¸जेलमा रहेका वालवालिकाहरु लगायत हिंसा यातना पिडित वालवालिकाहरु¸वेवारिसे अवस्थामा भेटिएका वालवालिकाहरु विवरण संकलन गरीएको छ। हाल यो वडामा यस्ता प्रकारका कुल २८जना वालवालिकाको विवरण फेला परेकोछ जसको परिवार विहिनताको अवस्थाको आधारमा वालवालिकाको संख्या तल प्रस्तुत गरिएको छ।

क्रस	विवरण	वालिका	वालक	जम्मा
१	परिवारको संरक्षण विहिनवालवालिकाको कुल संख्या	३	५	८
२	परिवारमा वयस्कव्यक्ती नभएका वालवालिका संख्या	२	७	९
३	आफन्तको संरक्षणमा रहेकावालवालिका संख्या	४	७	११
४	संस्थागत संरक्षणमा रहेकावालवालिका संख्या	०	०	०
५	सडक वालवालिका संख्या	०	०	०
६	जेलमा रहेका वालवालिका संख्या	०	०	०
७	हिंसा यातना पिडित वालवालिका संख्या	०	०	०
८	वेवारिसे अवस्थामा फेलापरेका वालवालिका संख्या	०	०	०
९	वेचविखनमा परेका वालवालिका संख्या	०	०	०

श्रोतः महिला विकास शाखा

३४. महिला हिंसा सम्बन्धी विवरण

कानुनी रुपमा जती धेरै प्रावधानहरु थपिदै आए त्यतिनै धेरै महिला हिंसाका घटनाहरु वढ्दै गएजस्तो देखिएको छ तर वास्तविकत यो भन्दा फरक हो। महिला हिंसाका घटनाहरु पहिले पनि हुन्थे र ऐले पनि हुन्छन तर फरक यति हो पहिले प्रायजसो घटनाहरु परिवार भित्रै दविन्थे भने ऐले सार्वजानिक हुन थालेका हुन । सूचना संचार र सामाजिक संजालको व्यापकताले गर्दा कतिपय घटनाहरु स्वयम पिडितले नचाहादा नचाहादै पनि वाहिरिन थालेका छन भने कतिपय अवस्थमा महिलाहरु आफै पिडा व्यक्त गर्न थालेका छन। यो वडाको पछिल्लो तथ्याङ्कका आधारमा कुल ३५ जना महिलाहरु हिंसा पिडित पाइएको छ जसको विवरण तल प्रस्तुत गरिएको छः

क्र स	विवरण	संख्या	कैफियत
१	घरेलु हिंसा बाट पिडितमहिला	११	

क्र स	विवरण	संख्या	कैफियत
२	वेच विखनमा परेको महिला	०	
३	श्रीमान बाट पिडित महिला	१७	
४	द्वन्द्व बाट पिडित महिला	२	
५	सामाजिक कुरिति बाट पिडित महिला	५	
	कुल	३५	

श्रोतः महिला विकास शाखा

३५.सरकारी कार्यालय सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा सरकारी कार्यालयहरुमा वडा कार्यालय स्वस्थ्य चौकी मात्र संचालित अवस्थामा छ अन्य कार्यालयहरु संचालनमा छैनन।

क्रस	कार्यलयकोनाम	फोननं	जम्मा दरवन्दी	कार्यरत कर्मचारी	कैफियत
१	गंगटिया स्वास्थ्य चौकी		७	७	
२	वार्ड कार्यालय				

श्रोतः नगरपालिकामा रहेको अभिलेख

३६.पुल पुलेसा सम्बन्धी विवरण

भेरी नगरपालिकावा र्ड नं ६ मा रहेका पुलहरुको विवरण तल प्रस्तुत गरिएको छः

क्रस	पुलपुलेसाको नाम	खोला / नदी	पुलकोप्रकार	निर्माण भएको साल	सहयोग
१	माझखेत झो पु	बंग्रे खोला	झो पु	२०७०	दुर्गम बिकास
२	गल्फाखेत झो पु	बंग्रे खोला	झो पु	२०७४	दुर्गम बिकास
३	चिस्तमखोला झो पु	चिस्तमखोला	झो पु	२०७३	नेपाल सरकार

श्रोतः वार्ड कार्यालय तथा पुल निर्माणमा काम गरेका गैसस हरु

३७. व्यापार व्यवसाय सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६ भित्र रहेका प्रमुख व्यवसायहरुको विवरण संकलन गरिएकोछ। सामान्यतया निश्चित क्षेत्र भित्र आवश्यक पर्ने खालका व्यवसायहरुको सुची तयार पारी ती मध्ये कति व्यवसायहरु कतिको संख्यामा रहेका छन भन्ने हिसावले विवरण संकलन गरिएकोछ। यो वडामा पनि त्यती धेरै व्यवसाय र व्यवसायीहरु देखिदैनन तैपनि केहि व्यवसायहरु निश्चित संख्यामा रहेकाछन। यहाँ यो वडा भित्र नभएका व्यवसायको सुची समावेस

गरिएको छ। यसले पाठकलाई त्यो व्यवसय गर्ने मानिसहरु नभएको भन्ने सुनिश्चित गर्नका लागि सहयोग पुग्नेछ भने व्यवसायीलाई कति प्रतिस्पर्धी रहेकाछन भन्ने विषय वुझ्न सहज हुने साथै व्यवसाय स्थापनाका लागि सहयोग पुग्ने हुन्छ। हाल यो वडामा संचालन भइरहेका व्यवसायहरुको गणितीय विवरण तल प्रस्तुत गरिएकोछः

क्र स	व्यापारव्यवसाय विवरण	संख्या	हालको अवस्था	कैफियत
१	दुग्ध व्यवसायी	०	०	
२	टेलर्स	२	संचालनमा रहेको	
३	सुनचाँदी व्यवसायी	०	०	
४	भाँडा व्यवसायी	०	०	
५	होटल व्यवसायी	४	संचालनमा रहेको	
६	फेन्सी व्यवसायी	०	०	
७	क्लिनिक तथा औषधी व्यवसायी	०	०	
८	तरकारी तथा फलफुल व्यवसायी	३०	संचालनमा रहेको	
९	इलेक्ट्रोनिक व्यवसायी	०	०	
१०	मासु व्यवसायी	१	संचालनमा रहेको	
११	सैलुन तथा व्युटीपार्लर व्यवसायी	०	०	
१२	उद्योग	०	०	
१३	आर्ट व्यवसायी	०	०	
१४	वेकरी तथा मिष्ठान्न व्यवसायी	०	०	
१५	बोर्डिङ स्कुल संचालन	०	०	
१६	ठेक्कापट्टा व्यावसायी	१	संचालनमा रहेको	
१७	जुत्ता पसल	१	संचालनमा रहेको	
१८	किराना पसल	१२	संचालनमा रहेको	
१९	फोटो स्टुडियो	०	०	
२०	फर्निचर व्यवसायी	०	०	

क्र स	व्यापारव्यवसाय विवरण	संख्या	हालको अवस्था	कैफियत
२१	राइस मील	१	संचालनमा रहेको	
२२	गाडी वर्कसप	०	०	
२३	घडिरेडीयो टिभि मर्मत	०	०	
२४	पेट्रोल पम्प	०	०	
२६	चस्मा पसल उद्योग	०	०	
२७	ग्यास डिलर	०	०	
२८	पुस्तक व्यवसायी तथा फोटोकपी	०	०	
२९	सहकारी	२	संचालनमा रहेको	
३०	मनि ट्रान्सफर	०	०	
३१	वैक	०	०	
३२	मदिरा व्यवसाय	१	संचालनमा रहेको	
३४	कानुन व्यवसायी परामर्श सेवा	०	०	
३५	खाजा घर तथा चिया पसल	१२	संचालनमा रहेको	
३६	ट्युसन सेन्टर	०	०	
३७	केवुल व्यवसाय	०	०	
३८	माटाका भाँडा वनाउने व्यवसाय	०	०	

श्रोतः प्रत्यक्ष अवलोकन तथा उद्योग वाणिज्य संघमा रहेको विवरण

३८. हवाई सेवा सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा हवाईसेवा सुविधा उपलव्ध छैन। यहाँका मानिसहरु विशेषत काठमाडौ तर्फ हवाइ मार्ग बाट जानु परेमा रुकुमको चौरजहारी तथा वाँकै जिल्लाको नेपालगञ्ज बाट जाने गर्छन भने नत्र गाडी बाट नै अन्य जिल्ला जाने गर्दछन। यो वडाको सबै भन्दा नजिकको विमानस्थल पनि ३ घण्टाको यात्रा दुरीमा रहेको चौरजहारी विमान स्थल हो।

३९. पशुवधशाला सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६ मा वार्षिक झण्डै १० टन भन्दा वढी किलो मासु खपत हुने गरेको भएपनि यहाँ सुरक्षित वधशाला निर्माण गरिएको छैन। स्थानीय रुपमा गाउँमा मारिने पशुहरु घरधुरीमा नै मारिने गरेकोले यसको त्यती धेरै

आवश्यक पनि देखीएको छैन तर वजार केन्द्रहरुमा विक्रि वितरण गरिने मासुको हकमा सुरक्षित वधशाला हुन जरुरी छ।

श्रोतः वडा कार्यालय

४०.शव दाह संस्कार सम्बन्धी विवरण

सामान्यतया शव दाह संस्कारका लागि २ वटा विधिहरु नेपालमा प्रचलित छन भने उच्च हिमाली क्षेत्रमा २ भन्दा वढी पनि प्रचलन मा रहेकाछन। मुख्य २ विधिमा जलाउने र गाड्ने पर्दछन। यो भेरी नगरपालिकावार्ड नं ६मा पनि यीनै २ विधिहरु प्रचलनमा रहेकाछन । यो विधि प्रयोगमा धर्मका हिसावले वढी प्रभाव पारेको देखिन्छ । प्रमुख रुपमा हिन्दु धर्मावलम्वीहरुले शवलाई जलाउने र वौद्ध तथा इसाईहरुले गाड्ने गरेको पाइएको छ जसको विवरण तल प्रस्तुत गरिएकोछ।

क्रस	दाहसंस्कारको तरिका	प्रमुख रुपमासंलग्न हुने जाती	प्रमुख रुपमासंलग्न हुने धर्म	दाहसंस्कारका प्रमुख स्थानहरु
१	जलाउने	व्रह्मण, क्षेत्री जनजाती तथा दलित	हिन्दु	चिस्तमखोला, घाघ्रे, त्रिपणी, भेरी
२	गाड्ने			

श्रोतः प्रत्यक्ष अवलोकन छलफल

४१.व्यवसायिक पकेटक्षेत्र सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६ मा तरकारी तथा सुन्तलाको व्यवसायिक खेती गर्न सकिने संभावना रहेको छ। हाल यो क्षेत्रमा पकेट क्षेत्रको रुपमा विका गरि उत्पादन त सुरु गरिएकको छ तर व्यवसायिक उत्पादन भने सुरु भएकोछैन। जसको विवरण तल प्रस्तुत गरिएकोछ।

क्रस	व्यवसायकोनाम	स्थान	अनुमानितवार्षिक उत्पादन	रोजगारीसंख्या		कैफियत
				प्रत्यक्ष	अप्रत्यक्ष	
१	भेरें तरकारी पकेट क्षेत्र	६	२५००० के जी	५	८५	
२	भेरेखर्क आलु पकेट क्षेत्र	६	५००० के जी	५	२६	
३	बबेरा भावर सुन्तला पकेट क्षेत्र	६	२५००० के जी	६	७	
४	सन्द्रासैन तरकारी पकेट क्षेत्र	६	२००० के जी	३	१०	

श्रोतः कृषि कार्यालयमा रहेको अभिलेख २०७४

४२. होटल सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६ जिल्लाको सदरमुकाम भन्दा केहि टाढा भएको हुनाले यहा व्यवसायिक रुपमा तालीम हल समेत यसका अतिरिक्त खाना आवास सुविधा भएका तर तालीम हल नभएका होटलहरु छैनन। तथ्याङ्क का

लागि यहाँ मुख्य रुपमा ४प्रकारका होटलहरुको विवरण संकलन गरिएको छ। खाना तथा आवासको सुविधा भएर तालिम हल समेत भएका ¸खाना तथा आवासको सुविधा भएका, खाना खाने मात्र सुविधा भएका ¸समान्य चिया नास्ता मात्र खाने सुविधा भएका। उल्लेखित होटलहरु मध्ये धेरै दर्ता भएका छैनन। हाल यो वार्ड नं ६मा रहेका होटल व्यवसाय सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ।

क्रस	होटलको किशिम	संख्या	स्थान
१	खाना आवास सहित तालीम हल समेत भएको	०	०
२	खाना आवास को सुविधा भएको	०	०
३	खानाको सुविधा भएको आवास नभएको	२	नेटा बजार दह बजार
४	गृहआवास (होम स्टे)	०	०
५	सामान्य चिया तथा नास्ता पसल	७	नेटा बजार दह बजार

श्रोतः वार्ड नं ६मा रहेको अभिलेख तथा प्रत्यक्ष अवलोकन

४३. सुरक्षा निकाय सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा हाल कुनै पनि सुरक्षाका निकाय हरु स्थापना भएका छैनन। सामान्यतया गस्तिमा आउने प्रहरीहरुले सुरक्षा दिने गरेका छन।

४४. वन्य जन्तु तथा चराचुरङ्गी सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६ मा २ वटा सामुदायिक वन रहेका छन भने अन्य राष्ट्रिय वन पनि प्रसस्त रहेको छ। हाल यो वडा भित्र मुख्य रुपमा १८ प्रकारका वन्य जन्तु र २१ प्रकारका चराचुरुङ्गीहरु पाइने गरेका छन। केहि प्रमुख वन्य जन्तु तथा चराचुरुङ्गीको विवरण तल प्रस्तुत गरिएको छ।

क्रस	चराको नाम	क्रस	चराको नाम	क्रस	चराको नाम	कैफियत
१	ढुकुर	८	होलेसो	१५	कालिज	
२	जुरेली	९	न्याउली	१६	लामपुछ्रे	
३	सगुन	१०	परेवा	१७	चिल	
४	पातेकानी	११	कौवा	१८	गिद्ध	
५	भँगेरो	१२	कोइली	१९	सुगा	
६	गौथली	१३	चाखुरा	२०	बुबु चरो	

७	मैना	१४	त्तित्रा	२१	कालेकल्चु	

श्रोतः जिल्ला वन कार्यालय

यसैगरी यो वार्ड नं ६मा पाइने प्रमुख वन्यजन्तुको विवरण तल प्रस्तुत गरिएकोछः

क्रस	वन्य जन्तुको नाम	क्रस	वन्यजन्तुको नाम	क्रस	वन्य जन्तुको नाम	कैफियत
१	स्याल	७	बनबिरालो	१३	मलस्याप्रो	
२	वादर	८	घोइया	१४	खरायो	
३	ब्वाँसो	९	पाखेवद	१५	दम्सी	
४	फ्याउरो	१०	बाघ	१६	मृग	
५	घोरल	११	भालु	१७	गुना	
६	रतुवा	१२	बदेल	१८	कालुगाँरा	

श्रोतः जिल्ला वन कार्यालय

४५.रुख तथा जडिवुटी सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६ मा प्रसस्त वन क्षेत्र त छैन तर पनि विविधता युक्त वन क्षेत्र भने रहेको छ । सबै वनस्पतीको विवरण लिन कठिन हुने भएकोले प्रमुख रुपमा काठ उत्पादन हुने र जडिवुटीहरु को वारेमा विवरण संकलन गरिएकोछ । जस अनुसार हाल यो वडामा२७ प्रजातिका वनस्पती रहेकाछन भने प्रमुख रुपमा ६ प्रजातीका जडिवुटीहरु रहेकाछन । उपलब्ध जडिवुटीहरुको व्यवसायिकतामा जोड दिन सके प्रसस्त आम्दानी हासिल गर्न सकिने अवस्था छ । यस वडामा पाइने रुख तथा जडीवुटीका प्रमुख प्रजाती सम्बन्धी विवरण तल प्रस्तुत गरिएकोछ ।

भेरी नगरपालिकावार्ड नं ६मा पाइने प्रमुख वनस्पतीको विवरण

क्रस	वनस्पतीको नाम	क्रस	वनस्पतीको नाम	क्रस	वनस्पतीको नाम	कैफियत
१	साल	१०	धाइरा	१९	टुनी	
२	बाँज	११	लामपाते	२०	खनाया	
३	रुयाज	१२	भला	२१	मौवा	
४	काउलो	१३	रुइनु	२२	असुरो	

क्रस	वनस्पतीको नाम	क्रस	वनस्पतीको नाम	क्रस	वनस्पतीको नाम	कैफियत
५	लालीगुराँस	१४	खिरो	२३	मर्काउलो	
६	फलाँट	१५	काफल	२४	कोटीमरो	
७	ठिन्के	१६	चोत्रा	२५	घुयालो	
८	कटुज	१७	तिजु	२६	अयार	
९	सादन	१८	काफल	२७	मेल	

श्रोतः जिल्ला वन कार्यालय जाजरकोट

भेरी नगरपालिकावार्ड नं ६मा पाइने मुख्य मुख्य जडीवुटीहरु

क्रस	जडिवुटीको नाम	क्रस	जडिवुटीको नाम	क्रस	जडिवुटीको नाम	जडिवुटी
१	काउलो	३	तेजपत्ता	५	तितेपाती	झ्याउ
२	टिमुर	४	चोत्रा	६	कुरिलो	

श्रोतः जिल्ला वन कार्यालय जाजरकोट

४६.भु संवेदनशिल क्षेत्र सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा भु संवेदनशिल क्षेत्रहरु मुख्य रुपमा ६ स्थानमा रहेको छ। भु संवेदनशिल भन्नाले पहिरो जाने क्षेत्र भनिएको हो। पहिरो विभिन्न कारणले जाने गर्दछ।समान्यतया वर्षायमामा पानी परेसंगै विभिन्न क्षेत्रमा पहिरोजाने गर्दा तर यो खालको पहिरो पानी रोकिए पछि आफै रोकिन्छ र यस्तो खालको पहिरोले तत्कालिन अवस्थामा प्रभाव पारेपनि दीर्घकालीन असर पार्दैन। अत्याधिक वर्षाका कारण आएको पहिरोलाई भने यहाँ समावेस गरिएको छैन। दीर्घकालिन असर गर्ने खालका भु संवेदनशिल क्षेत्रहरुको पहिचान गरि यसको निराकरणलागि स्थानीय तह आफै परिचालित हुने अवस्था आएको हुनाले यो विवरण संकलन गरिएको हो। हाल यो वडामा रहेको भु संवेदनशिल क्षेत्रको विवरण तल प्रस्तुत गरिएकोछः

क्र स	पहिरोको नाम	अनुमानितप्रभावित क्षेत्रफल	कहिले बाटसुरु भएको	हालको अवस्था
१	ज्यामिरतरा पहिरो	३००० ब मि	२०४९	वर्षाको समयमा बग्ने
२	ढुङगेखानी पहिरो	२५०० ब मि	२०५१	वर्षाको समयमा बग्ने
३	पौरेन पहिरो	२००० ब मि	२०६५	वर्षाको समयमा बग्ने
४	राम्रीखेत पहिरो	१५०० ब मि	२०६४	वर्षाको समयमा बग्ने

क्र स	पहिरोको नाम	अनुमानितप्रभावित क्षेत्रफल	कहिले बाटसुरु भएको	हालको अवस्था
५	कुयाँना पहिरो	२५०० ब मि	२०५२	वर्षाको समयमा बग्ने
६	थापागाउँ पहिरो	३५०० ब मि	२०५८	वर्षाको समयमा बग्ने

४७.जल सम्पदा सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा हीम नदी छैनन तर यो वडामा १२ महिना वग्ने तथा मौसमी खोलाहरु पनि रहेका छन । नगरपालिकाको मुख्य खोलामध्ये पर्ने बंग्रे खोलाको मुहान यसै वडमा पर्छ । हाल यी खोलाहरुको पानी सिंचाइका लागि प्रयोग भइरहेको छ भने एउटा सानो माइक्रो हाइड्रो समेत संचालनमा छ । हाल यो वडामा रहेका जल सम्पदाको संख्यात्मक विवरण तल प्रस्तुत गरिएको छः

क्रस	जलसम्पादाकोविवरण	संख्या	हालको प्रयोग	प्रयोग गर्नसकिने संभावना
१	हीम नदी	०		
२	वाह्रै महिना पानीवग्ने नदी	५	खेतबारी सिंचाई	जल बिधुत
३	मौसमी पानी वग्नेनदी खोला	८	खेतबारी सिंचाई	जल विद्युत
४	ताल	०		

श्रोतः नगरपालिका अभिलेख तथा प्रत्यक्ष अवलोकन

४८. वाली प्रणाली सम्बन्धी विवरण

भेरी नगरपालिका वार्ड नं ६ मा भुगोल अनुसार तापक्रममा विविधता भएको हुनाले यहाँ एउटा वाली पाक्न नै धेरै समय लाग्ने देखि छिटै पाक्ने सम्मको अवस्था छ । कतिपय क्षेत्रमा दोश्रो वाली लगाउन समय नै पुग्दैन । यो वार्ड नं ६ मा मुख्य लेकाली क्षेत्रमा गहुँ जौ मकै कोदो फापर जस्ता वाली हरु लगाउने गर्छन भने वेसीमा धान मकै गहूँ जस्ता वालीहरु लगाउछन । हाल यो वडामा लगाइएको वाली प्रणाली तल प्रस्तुत गरिएको छः

क्र स	जग्गा	बेशीं मा खेती गरिने वाली			कछाड मा खेती गर्ने वाली			लेकमा खेती गर्ने वाली		
		पहिलो	दोश्रो	तेश्रो	पहिलो	दोश्रो	तेश्रो	पहिलो	दोश्रो	तेश्रो
१	खेत	धान	गहुँ	०	धान	गहुँ	०	मकै	जौ	०
२	वारी	मकै	गहुँ	०	मकै	गहुँ	०	मकै	जौ	
३	पाखो	कोदो	०	०	भटमास	तोरी	०	०	०	

श्रोतः कृषि विकास कार्यालय जाजरकोट

४९. स्वास्थ्य संस्था सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा एउटा स्वास्थ्य चौकी वाहेक अन्य स्वास्थ्य संस्थाहरु रहेका छैनन । जिल्ला सदरमुकाम नजिकै भएको हुनाले यहाँका जनताहरुलाई औषधी उपचारका लागि खास समस्या नभएपनि यो वार्डमा चाहि निजि स्वास्थ्य संस्थाहरु भने छैनन । भेरी नगरपालिका वार्ड नं ६ मा रहेका स्वाथ्य संस्था सम्बन्धी विवरण तल प्रस्तुत गरिएकोछ।

क्र स	स्वास्थ्यसंस्थाको नाम	संख्या	क्र स	स्वास्थ्यसंस्थाको नाम	संख्या
१	सरकारी अस्पताल	०	७	उपस्वास्थ्य चौकी	०
२	प्रसुती गृह	०	८	प्राथमिक स्वास्थ्य केन्द्र	०
३	वाल अस्पताल	०	९	नीजि अस्पताल	०
४	आयुर्वेद अस्पताल	०	१०	फार्मेसी	०
५	प्राकृतिक चिकित्सा	०	११	क्लिनिक	०
६	स्वास्थ्य चौकी	१	१२		

श्रोतः जिल्ला स्वास्थ्य कार्यालय जाजरकोट

५०. रेडियो स्टेसन सम्बन्धी विवरण

यो वार्ड नं ६मा रेडियो स्टेसन नभएको हुनाले समावेश नगरिएको हो यो नगरपालिकामा रेडियो स्टेसन भए पनि यो वार्डमा चाहि छैन। कुनै एफ एम हरु स्थापना भएमा यसलाई समावेश गर्न सकिन्छ।

५१.गैह्र सरकारी संस्था सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा हाल कुनै गैह्रसरकारी संघ संस्थाहरु दर्ता तथा कार्यरत छैनन। विगतमासामाजिक परिचालन देखि स्वास्थ्य क्षेत्र,आयआर्जन,भौतिक पुर्वाधार लगायत विभिन्न कार्यक्रमहरु संचालन गर्न विभिन्न संस्थाहरु कार्यरत। हाल यो वडामा कार्यरत गैह्र सरकारी संस्थाहरु नभएकोले उल्लेख गरिएको छैन।

क्रस	गैससकोनाम	कार्यालय रहेकोस्थान	नपामा दर्ता छ ?	उदेश्य
१				
२				

५२. सार्वजानिक शौचालय सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा सार्वजानिक शौचालय रहेको छैन।

क्रस	शौचालय रहेको स्थान	संचालनको अस्था	संचालक
१			
२			

श्रोतः वार्ड कार्यालय

५३.राजनैतिक दल सम्बन्धी विवरण

भेरी नगरपालिकावार्ड नं ६मा हाल मुख्य रुपमा तीन वटा दलहरु रहेका छन। जसको विवरण तल प्रस्तुत गरिएकोछ।

क्र स	राजनैतिक दलको नाम	कार्यालयरहको स्थान	प्रमुखको नाम	कैफियत
१	नेपाल कम्युनिष्ट पार्टी	नभएको		
२	नेपाली काँग्रेस	नभएको		
३	राष्ट्रिय प्रजातन्त्र पार्टी	नभएको		

श्रोतः वार्ड नं ६ कार्यालय

५४.वडामा कार्यरत कर्मचारीहरुको विवरण

भेरी नगरपालिकावार्ड नं ६मा हाल जम्मा एक जना सचीव मात्र कार्यरतरहेकाछनयो वार्डमा अन्य कर्मचारीको दरवन्दी भएपनि १ जना मात्र कार्यरत रहेका छन। जसको विवरण तल प्रस्तुत गरिएकोछ।

क्रस	कर्मचारीको नाम	पद	शाखा	कैफियत
१	धन बहादुर खत्री	वडा सचिव	प्रशासन	

श्रोतः भेरी नगरपालिकावार्ड नं ६ प्रशासन शाखा

५५.वडाका निर्वाचित जनप्रतिनिधिहरुको विवरण

भेरी नगरपालिकावार्ड नं ६मा २०७४ को वैसाखमा नेपालमा गणतन्त्र स्थापना पछिको पहिलो स्थानीय निर्वाचन भएकोछ। यो वडामा कुल ५ जना जनप्रतिनिधिहरु निर्वाचित भएकाछन भने सबै ५ जना नेपाली कांग्रेस बाट निर्वाचित भएका हुन। करीव १८ वर्ष पछि २०७४ सालको निर्वाचनमा निर्वाचित जन प्रतिनिधिहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएकोछ।

क्रस	जनप्रतिनिधिकोनाम	पद	उमेर	लिंग	शैक्षिक योग्यता	चुनाव जितेको राजनैतिक दल
१	शसिराम बुढा	वडा अध्यक्ष	३१	पुरुष	वि ए	नेपाली काँग्रेस
२	राम कुमारी सिंह	म सदस्य	३१	महिला	साधारण	नेपाली काँग्रेस
३	मोती लुहार	द म सदस्य	५६	महिला	साधारण	नेपाली काँग्रेस
४	हरिश कुमार शाही	सदस्य	४०	पुरुष	साधारण	नेपाली काँग्रेस
५	हरि बहादुर खड्का	सदसुय	४०	पुरुष	साधारण	नेपाली काँग्रेस

श्रोतः वार्ड नं ६ को अभिलेख

५६. समग्र अवस्था र निष्कर्ष

समग्रमा भेरी नगरपालिका वडा नं ६ को वर्तमान यथार्थता प्रस्तुत भएको छ। यो वडाको जीवन निर्वाहको अवस्था हेर्ने हो भने अझैपनि १० महिना धान्न पनि धौ धौ पर्ने अवस्था छ। यहाको उपलव्ध श्रोत साधनलाई प्रचुर उपयोग गरी विभिन्न अवसरहरुको खोजी गर्दै व्यवसायिक रुपमा पशुपालन तथा विभिन्न कृषि वालीहरुको पकेट क्षेत्रको रुपमा विकास गर्न सके यो वडा आगामी ५ वर्षमा समृद्ध वन्न सक्नेछ। यसका लागि वर्तमान यथार्थता भित्र रहेर वृहत्तर गुरु योजना तयार गर्नु पर्ने देखिन्छ। वार्ड नं ६ का समग्र जनप्रतिनिधि तथा कर्मचारीहरुको अतुलनीय सहयोग र समर्पणले यो वस्तुगत विवरण तयार भएको हो र यसको समुचित उपयोग गर्न आवश्यक देखिन्छ।

धन्यवाद